# संघीय संसद
# राष्ट्रिय सभा
# तेह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ८ चैत २०७९
# बुधवार
# बैठक सङ्ख्या- ११

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

(१३:०६ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, कान्तिपुर र अनलाइन पत्रिकाको समाचारले मलाई स्तब्ध बनाएको छ । हाम्रा छोरीहरू कति असुरक्षित छन् । निर्धक्कसँग बाँच्न पाउने र आफ्नो काम गर्न पाउने अवस्था कहिले बन्छ? सामाजिक सञ्जालमार्फत सम्पर्क बढाएर कमाइ हुने र जागिरको प्रलोभनमा देखाउँदै ल्याइपुऱ्याएपछि यौन व्यवासायमा लगाउने गिरोह सक्रिय छ । भर्खरै दिल्लीबाट नौं किशोरीको उद्धार एउटै फ्याल्टबाट उद्धार गरिएको छ । ती सोह्र वर्षेदेखि अठार वर्षका छन् । दिल्ली

प्रहरी ती इन्डिया र शक्ति समूहको संयुक्त टोलीले उद्धार गरिएको छ । मानव तस्करको केन्द्र हाम्रो मुलुक किन बन्दैछ? तसर्थ यस्ता कार्यलाई कडाइका साथ रोक्न कहिले कहीं यस्ता कार्य हुन नदिन सरकार, परिवार, स्थानीय तह, सामाजिक सङ्घ संस्था सबै सक्रिय हुनको लागि सम्मानित सभाका माध्यमबाट अनुरोध गर्न चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौदी ।

(१३:०७ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- म आज मात्रै पहिलो पटक शून्य समयमा उपस्थित भएको हुनाले म सर्वप्रथम यही माघ २५ गते सम्पन्न राष्ट्रिय सभा उपनिर्वाचनमा मलाई भोट दिनुहुने लुम्बिनी प्रदेशका प्रदेश सभा सदस्य तथा लुम्बिनी प्रदेशका पालिका अध्यक्ष, उपाध्यक्ष, नगर प्रमुख, उपप्रमुखलगायत सहयोग गर्ने सबै राजनीतिक दल र नेताहरूलाई म धन्यवाद दिन चाहन्छु । र उहाँहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१३:०७ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, त्रिभुवन विश्वविद्यालयको व्यथिति र सुधारको लागि गरिएका प्रयास र चित्कारका समाचार सम्पादकीय र उपकुलपतिको ..... विवरणहरू कान्तिपुर दैनिकलगायतका सञ्चार माध्यमहरूमा निरन्तर आएको छ । तर सरकार त्रिभुवन विश्वविद्यालय सुधारमा गम्भीर छैन । उच्च शिक्षाको असी पचासी प्रतिशत विद्यार्थी अध्ययनरत यस विश्वविद्यालयको चित्कार नसुन्नु भनेको शिक्षा प्रणालीमाथिकै अपमान हो । त्रिभुवन विश्वविद्यालयलगायत उच्च शिक्षा सुधारको स्पष्ट कार्ययोजना ल्याउन सरकारसमक्ष जोड्दार माग गर्दछु ।

दोस्रो कुरा पोखराको फेवातालमाथिको अतिक्रमणलगायतको विवरण पटक पटक संसदमा बोल्दासमेत जवाफ पाएको छैन । अहिले फेवातालको आसपासको क्षेत्रमा दिनहुँ तिस चालिसओटा डोजरहरू जग्गा प्लटिङ र त्यतिकै सङ्ख्यामा हरपन खोलाको दोहनमा लागेको विवरण सार्वजनिक भएको छ । यस तालको सिमानाभित्रको नौ सय रोपनीभन्दा बढी जग्गा विभिन्न व्यक्तिको नाममा नामसारी गरेको पुन्य पौडेलको अध्यक्षतामा गठित प्रतिवेदनमा छ ।

प्रतिवेदन सार्वजनिक गर्न र फेवाताल संरक्षणको स्थायी समाधानको कार्ययोजना संसदमा पेस गर्नसमेत सरकारसमक्ष अनुरोध गर्छु । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:०८ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, नागरिकको लागि सबैभन्दा महत्त्वपूर्ण विषय उसको स्वस्थ जीवन हो । स्वस्थ जीवनको महत्त्व र संवेदनशीलतालाई आत्मसात् गरेर संविधानको मैलिक हक धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरियो । तर हाल नेपालको स्वास्थ्य सेवा प्रणाली नागरिकको पहुँचमा छैन, विरामीमैत्री छैन । स्वस्थ्य सेवाको गुणस्तरमाथि प्रश्न उठेको छ । स्वास्थ्यसँग सरोकार राख्ने विषयमा संघीय सरकारका अन्तरमन्त्रालय, तहगत सरकारबिच सहकार्य र समन्वय राम्रो नहुँदा विरामीले सास्ती बेहोर्नुपरेको छ । मुख्यतः नीति, कार्यक्रम बजेट र स्वास्थ्यसँग सम्बन्धी कानुन निर्माणमा सहकार्य र समन्वय नहुँदा सेवा प्रभावकारीता छैन । विरामीले असाध्यै कष्ट बेहोर्नुपरेको छ । स्वास्थ्यसम्बन्धी हकबाट वञ्चित भई सही उपचारको अभावमा मृत्युवरण गर्नुपरेको अवस्था दुःखदायी अवस्था छ । त्यसैले स्वस्थ्यसँग सम्बन्धित मौलिक हक कार्यान्वयन गर्न आवश्यक पर्ने कानुन निर्माण गर्न सम्बन्धित निकायसँग प्रभावकारी सहकार्य र समन्वय गर्न नीति, कार्यक्रम र बजेट निर्माण गर्दा ध्यान दिन स्वास्थ्यसँग सम्बन्धित लामो समयदेखि अड्किएको रणनीतिक योजना बनाएर लागु गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछु ।

साथै सुर्तिजन्य पदार्थ र मदिराजन्य उत्पादन बस्तुहरू नागरिकको स्वास्थ्यका लागि गम्भीर समस्या परेको छ । यस्ता ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय नन्दा चपाई ।

(१३:१० बजे) **माननीय श्री नन्दा चपाई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय सभाध्यक्ष महोदय, देशमा सुकुमबासी समस्या र नागरिकता समस्या अत्यन्त जटिल समस्या हो । पार्टीको स्थापनादेखि पार्टीको बहुदल प्राप्तदेखि नै यो समस्या सबै पार्टीले समाधान गर्छौं भनेर आफ्ना घोषणा पत्रमा प्रतिबद्धता गरेको अवस्था छ । अहिलेसम्म पनि एउटै इस्युमा एउटा व्यक्ति पहुँचको आधारमा उजुरी गर्दाखेरि नागरिकता पाउने र अर्को त्यस्तै व्यक्तिले

नागरिकता नपाउने गरेका धेरै गुनासाहरू आएका छन् । यसको समाधानको निमित्त गृहमन्त्रालयले प्रत्येक जिल्ला प्रशासनलाई निर्देशन दिइयोस् भन्नका लागि सभाध्यक्षमार्फत नेपाल सरकारको ध्याना आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

**(१३:१० बजे) माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, समाजवादी चिन्तक र सादग नेता रामचन्द्र पौडेल नेपालको सम्माननीय राष्ट्रपतिमा र सादग नेता, मधेशका नेता रामसायप्रसाद यादव नेपालको सम्माननीय उपराष्ट्रपतिमा पदमा निर्वाचित भएकोमा हार्दिक बधाई र धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

विकशित मुलुक अमेरिकामा समेत बैङ्कहरू टाट पल्टिको समाचारहरू आइरहेको छ । निवर्तमान अर्थमन्त्रीज्यूले २०२८ सालपछाडि कै अहिले भयावह स्थिति हो । सङ्कटग्रस्त स्थिति भएर भनिरहनुभएको थियो । र सँगसँगै प्रधानमन्त्रीज्यूले पनि अर्थतन्त्र खराब अवस्थामा छैन भनेर चाहिँ भनिरहनुभएको छ । तर खासमा के हो? अवस्था के हो? नेपालको खास आर्थिक अवस्था के हो? यसको विषयमा चाहिँ स्वेत पत्र नै जारी गरेर संसदलाई जानकारी गराइयोस् भनेर छ । म नेपाल सरकारलाई ध्यानआकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल ।

**(१३:११ बजे) माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, हिजोदेखि सञ्चार जगत र सामाजिक सञ्जालमा केही युवाहरू बोल्न खोजिरहेको र केही प्रहरीहरूले जबरजस्ती उनीहरूको मुख थुनिदिएको, घाँटी ड्याकिरहेको, लछारपछार पारिरहेको तस्विरहरू जतातते देख्न पाइरहेको छ । यो किन भा'को हो? यी युवाहरूले के बोल्न खोजेका थिए? र प्रहरीले त्यस्तो ज्यादती गरेको हो? संविधानले स्वतन्त्रतापूर्वक विचार राख्न पाउने, बोल्न पाउने अधिकार सबै नागरिकलाई दिएको छ । प्रहरीले बोल्नेको मुख थुन्न मिल्छ कि मिल्दैन? अनि यसो गर्ने प्रहरीलाई गृह मन्त्रालयले कारबाही गरेको छ कि छैन? यो विषयमा म गृह मन्त्रालयको ध्यानाकर्षण पनि गराउन चाहन्छु र यहाँ जवाफ पनि माग गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सिंग वहादुर विश्वकर्मा ।

(१३:१२ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, ५८ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस २१ मार्चको उपलक्ष्यमा उत्पीडित जनन्यायप्रेमी जनसमुदायप्रति शुभकामना व्यक्त गर्दछु । हालै मात्र सिराह भगवानपुर गा.पा. अध्यक्ष उग्र नारायण यादवले फागुन २२ गते आमाको १३ औं पुन्य तिथिको क्रियाकलापमा दलित मुस्लिमलाई गैरदलितको लाइनमा लाइन टाँसेर अलग बनाई जुन दलितहरूप्रति गरिराखेको जुन ज्यादती छुवाछुतको विभेदको घटनाको म नेपाल सरकारको ध्यानआकर्षण गराउन चाहन्छु । धन्यवाद ।

(१३:१३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएकोसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन् । अब म उक्त पत्रहरूको बेहोरा जानकारी गराउँछु ।

विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७९/१०/०३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्का माननीय उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री राजेन्द्रप्रसाद लिङ्देन; माननीय सहरी विकास मन्त्री श्री विक्रम पाण्डे; माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधान र माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री श्री दिपकबहादुर सिंहले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव
मितिः२०७९/११/१४

विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७९/१०/०३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्का देहायबमोजिमका मन्त्रीहरूले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नुभएको बेहोरा सादर अनुरोध गर्दछु ।

| | |
|---|---|
| श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री एवं अर्थ मन्त्री |
| श्री ज्वाला कुमारी साह | कृषि तथा पशुपन्छी विकास मन्त्री |
| श्री दामोदर भण्डारी | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री |
| श्री राजेन्द्रकुमार राई | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री |
| श्री विमला राई पौड्याल | परराष्ट्र मन्त्री |
| श्री पदम गिरी | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री |
| श्री भगवती चौधरी | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री |
| श्री हरिप्रसाद उप्रेती | रक्षा मन्त्री |

यादवप्रसाद कोइराला
२०७९/११/१६

(१३:१५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, यस सभाका माननीय सदस्य डाक्टर विमला राई पौड्याललाई राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा मानोनयन गरेको छु ।

माननीय सदस्यहरू, प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाउनुभएको ।)

माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिका लागि प्रस्तावित नामलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँदछु ।

मानननीय सदस्यहरू, अब म प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति मायाप्रसाद शर्मालाई प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१३:१६ बजे) **प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति माननीय श्री माया प्रसाद शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम निर्वाचित हुनुभएको सम्माननीय राष्ट्रपति तथा सम्माननीय उपराष्ट्रपतिप्रति हार्दिक बधाई व्यक्त गर्दै भव्य शुभकामना कार्य सफलताको व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाअन्तर्गत गठित प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको मिति २०७८ आषाढ २२ देखि मिति २०७९ अषाढ मसान्तसम्ममा सम्पादन गरेका कार्यहरू समेटिएको वार्षिक प्रतिवेदन पेस गर्दछु ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ ले यस समितिलाई प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासनसम्बन्धी कार्य एवम् राष्ट्रिय महत्त्वका दस्तावेज अभिलेख व्यवस्थापनसम्बन्धी विषयको जिम्मेवारी प्रदान गरेको छ । समितिले राष्ट्रिय सभा नियमावली,२०७५ को नियम १५३ को उपनियम (१) मा उल्लेखित बुँदाहरूलाई ध्यानमा राखेर प्रत्यायोजित विधायनहरूको अध्ययन गरेको छ । यस क्रममा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५; औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लगायतका ऐनहरूसँग सम्बन्धित प्रत्यायोजित विधायनहरूको अध्ययन गरिएको छ ।

यसको साथसाथै, सरकारका मन्त्रीहरूले दिएका सरकारी आश्वासनहरूलाई पूरा गर्न के कस्ता काम भएका छन् भनी सम्बन्धित मन्त्रालयबाट प्रगति विवरण माग गरी छलफल गरिएको छ । सरकारबाट संघीय संसदको संयुक्त बैठकमा पेस भएको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा व्यक्त केही विविध आश्वासनहरू र राष्ट्रिय सभामा आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को अवधिमा आर्थिक क्षेत्रसँग सम्बन्धित विषयहरूमा व्यक्त सरकारी आश्वासन कार्यान्वयन व्यवस्थाको अध्ययन गरिएको छ । राष्ट्रिय महत्त्वका दस्तावेज अभिलेखहरूको व्यवस्थापनसम्बन्धी विषयहरूमा नेपालको सार्वजनिक रेकर्ड व्यवस्थापनको वर्तमान अवस्था र भावी कार्यदिशासम्बन्धी अध्ययन प्रतिवेदनमाथि छलफल गरिएको छ ।

यस प्रतिवेदनको अवधिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयबाट तर्जुमा भएका केही प्रत्यायोजित विधायनहरूको संवैधानिक

सैद्धान्तिक कसीमा अध्ययन गर्ने कार्य गरिएको छ । ऐनको उद्देश्य कार्यान्वयनका लागि बन्नुपर्ने कतिपय नियमावली समयमै नबनेका, कतिपय निर्देशिका, कार्यविधि, मापदण्डहरू हालसम्म नबनेका, बनेका पनि प्रत्यायोजित विधायनको व्यवस्थापनको अध्ययनअनुरूप नबनेका ऐनको कानुनी स्रोत वा मातृ ऐन नै उल्लेख नगरी प्रत्यायोजित विधायनहरू बनेका अप्रासङ्गिक ऐनहरू उल्लेख गरी निर्देशिकाहरू बनेका, प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजित भएका विगतका समस्याहरूले निरन्तरता पाएको देखियो ।

यसै गरी, सरकारी आश्वासन सम्बन्धमा आश्वासन कार्यान्वयनको प्रगति सन्तोषजनक हुन सकेको देखिएन । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पश्चिम सेती जलविद्युत आयोजना जस्ता राष्ट्रिय गौरवका आयोजनाको कार्य अगाडि बढेको देखिएन। राष्ट्रिय महत्त्वका दस्तावेज अभिलेखहरू कुन कुन हुने तिनीहरूको कसले कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा हालसम्म ठोस नीति र प्रभावकारी कानुनी व्यवस्था भएको देखिएन ।

सम्माननीय अध्यक्षज्यू, विगतदेखि नै प्रत्यायोजित व्यवस्थापन र सरकारी आश्वासन कार्यान्वयनको विषय सरकारको प्राथमिकतामा नपरेको भए तापनि यस विषयमा सरकारलाई झकझकाउने समितिको कार्य रहेको बेहोरा उल्लेख गर्न चाहन्छु । हामीले प्रत्यायोजित व्यवस्थापन र सरकारी आश्वासनको क्षेत्रमा सबै संघीय मन्त्रालय निकाय एवम् प्रदेश तहमा पनि जिम्मेवारी बोधका साथ छलफल र अन्तरक्रियालाई अगाडि बढाएका छौं । समितिले आगामी दिनमा उल्लेखित विषयहरूमा गहन र प्रभावकारी रूपले कार्य गर्ने नै छ । सुशासन प्रवर्धन गर्नका लागि अधीनस्थ कानुनहरूलाई व्यवस्थित गर्न छुट्टै ऐन निर्माणमा आवश्यक पहलकदमी भएको छ । समितिले वार्षिक रूपमा कार्य सम्पादन गर्ने क्रममा देखिएका समस्याहरू र तिनको समाधानका लागि केही सुझावहरू यस प्रतिवेदनमा सिफारिस गरिएको जानकारी गराउन चाहन्छु । यस प्रतिवेदनको अवधिमा समितिको बैठक ४४ पटक बसी कार्य सम्पादन गरेको थियो । सोको कार्यसम्पादनका लागि २ ओटा उपसमिति र एक कार्यदल बनेको थियो । माथि उल्लेखित विषयवस्तुहरू कार्यान्वयनको लागि नेपाल सरकारलाई राय सुझाव दिनुका साथै निर्देशन गरिएको छ ।

सम्माननीय अध्यक्षज्यू, अन्तमा समितिको कार्य सम्पादनमा सहयोग पुर्‍याउनुहुने संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, माननीय मन्त्री एवम् मन्त्रालयका पदाधिकारी, समितिका सम्पूर्ण माननीय सदस्यहरू, संघीय संसदका महासचिव, सचिव, समिति सचिवलगायत समितिमा कार्यरत सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसै गरी सरोकारवाला, सहयोगी, सञ्चारकर्मी सबैलाई धन्यवाद दिँदै राष्ट्रिय सभा नियमावली,

२०७५ को नियम १५३ र १५९ बमोजिम समितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९ सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१३:२३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय भुवन वहादुर सुनार प्रस्तावक र माननीय सुरेश कुमार आलेमगर, माननीय गोपी बहादुर सार्की आछामी, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय नरपति लुवार, माननीय सिंग बहादुर विश्वकर्मा, माननीय जगत बहादुर पार्की, माननीय राधे श्याम पासवान, माननीय जगप्रसाद शर्मा, माननीय प्रमिला कुमारी, माननीय प्रकाश पन्थ, माननीय देवेन्द्र दाहाल, माननीय भगवती न्यौपाने, माननीय जयन्ती देवी राई, माननीय तारामान स्वांर, माननीय विमला घिमिरे, माननीय माया प्रसाद शर्मा र माननीय गंगा कुमारी वेलबासे समर्थक भई दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी विषयमा सङ्कल्प प्रस्ताव दर्ता गर्नुभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट संशोधनको सूचना प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म सङ्कल्प प्रस्तावका प्रस्तावक भुवन वहादुर सुनारलाई उक्त सङ्कल्प प्रस्ताव सभासमक्ष पेस गर्न समय दिन्छु । समय १३ मिनेट ।

(१३:२५ बजे) **<u>माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, आदरणीय सम्पूर्ण माननीयज्यूहरू, यहाँहरूसमक्ष मैले सङ्कल्प प्रस्ताव प्रस्तुत गर्न लागिरहेको छु । अध्यक्ष महोदयको अनुमतिले दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धमा सङ्कल्प प्रस्ताव सभासमक्ष पेस गर्दछु ।

आज नेपालको इतिहासमा पहिलोपल्ट ६० लाख दलित समुदायहरूको अधिकार सुनिश्चितताको लागि सम्माननीय राष्ट्रिय सभासमक्षमा यो विषय प्रस्तुत गर्न थोरै म सहज गर्न सम्माननीय अध्यक्षज्यूसँग अनुमति माग्दछु ।

नेपाल आज कुन अवस्थामा छ भन्ने विषयमा आज विश्वमा, विश्वका जनसमुदायहरू सुसंस्कृत र सभ्यताले एक चरम चुलीमा पुगिरहेको अवस्थामा नेपालमा हामीले आज पनि जातीय विभेदका विषय लिएर यो पछौटेपनका विषयलाई लिएर कुरा गरिरहन पर्दा म आफै लज्जित छु । हिजो नेपालको मनुस्मृतिद्वारा निर्देशित राज्य व्यवस्था र राज्यले जसरी उत्पीडन गरेको थियो त्यो एक हदसम्म अन्त्य हुने क्रम अगाडि बढिरहेको छ । यसमा जुन किसिमले उत्पीडनको चैं शृङ्खला सुरु भयो जस्तैः १४ सय ३७ मा राजा जयस्थिति मल्लले श्रम विभाजनका नाउँमा, त्यस्तै १६ सय ६३ तिर राजा जयस्थिति मल्लले सामाज सुधारका नाउँमा उत्पीडनहरूलाई संस्थागत गर्दै ग'को, १८ सय २५ मा पृथ्वीनारायण शाहले दिव्य उपदेशका नाउँमा विभेदलाई सहरबाट पहाड पर्वतसम्म पुर्याको, त्यस्तै जङ्गबहादुर राणाले १९ सय १० मा नयाँ मुलुकी ऐन पहिलोपल्ट चैं घोषणा गर्दै जातीय विभेदको शृङ्खलालाई क्रुर कठोर बनाएको त्यो विधिवत् रहँदारहँदै पनि फेरि नेपालको संविधान, २००४ साल, ७ साल, १५ साल, १९ सालसम्मका संविधानहरू दलित मैत्री थिएनन् । त्यही उत्पीडनलाई नै निरन्तरता दिएको थियो । त्यस्तै यो ऐतिहासिक र महत्त्वपूर्ण संविधान, संविधानसभाबाट चैं २०७२ मा घोषित भयो । त्यो संविधान नेपालका जात, जाति, समुदाय, लिङ्ग, क्षेत्रलाई, सबैलाई अधिकार सम्पन्न गर्ने गरी संविधान निर्माण भयो । तर त्यो अझै पनि व्यवहारमा लागु नभएकोले ६० लाख दलित समुदायहरू अहिले पनि जातीय विभेदका समस्याबाट चैं आक्रान्त छन् ।

अब हामी सबैले देखिरा'का छौं हिजो सिराहामा के भयो । त्यहाँको भगवतीपुरका चैं घटना । त्यस्तै विरगञ्जमा हालसालै त्यहाँ यज्ञ लगाउने क्रममा कर्ता बनाउने क्रममा दलितबाहेक अरूलाई कर्ता बनाइएर चैं विभेद भ'को र विभेद सुरुवात भ'को, त्यहाँ विद्रोह भइर'को कुराहरू चैं आइरहेका छन् सञ्चार माध्यममा । यसैले गर्दा हिजोको जुन धर्म, संस्कार, संस्कृति त्यो रूढिवादमा ग्रस्त थियो त्यो अन्धविश्वासमा चैं लपेटिएको थियो । र त्यो ऋष वेदले के भनेको त्यता भन्दा चैं ढोल, स्त्री र सुद्र यापनाका भाग्यदार भनिएको थियो । त्यो चार वेदमध्येमा एक वेदले त्यो ..... व्याख्या गरेको थियो । र त्यत्रो अपमान गरिएको थियो । त्यस्तै ती वेदहरूले भन्ने गरेका थिए, धर्म शास्त्रले भन्ने गरेका थिए मान्छेहरू पहतालाबाट जन्मिएका थिए भनेर । कति अन्धविश्वास र कति चैं अप्राकृतिक विषयहरू धर्म शास्त्रमा थिए ।

यिनै विषयहरूलाई समेट्दै मैले आज सदनसमक्ष सङ्कल्प प्रस्ताव प्रस्तुत गर्न लागिरहेको छु । त्यो छोटो रूपमा म वाचन गर्ने अध्यक्ष महोदयसँग अनुमति माग्दछु ।

अनुसूची-२ सङ्कल्प प्रस्ताव श्री सचिवज्यू, राष्ट्रिय सभा, राष्ट्रिय सभा नियमावली २०७५ को नियमन ७८ बमोजिम देहायको प्रस्ताव पेस गर्न अनुमतिका लागि सूचना दिएका छौं ।

**प्रस्ताव**ः- नेपालको संविधान ०७२ को प्रस्तावनामा सामन्ति निरङ्कुरा केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषीय, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय, छुवाछुत तथा भेदभावको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ । नेपालको संविधानको मौलिक हक र कर्तव्यअन्तर्गतको धारा २४ ले छुवाछुत तथा भेदभावविरुद्धको हक तथा धारा ४० ले दलितको हकको सुनिश्चितता गरेको छ । त्यसै गरी जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव कसुर र सजाय ऐन, ०६८ ले जातीय भेदभाव तथा छुवाछुतको अन्त्य गरी समानतामा आधारित समृद्ध समाज निर्माणको उद्देश्य लिएको छ । यसमा अतिरिक्त अन्य कयौं सामान्य र विशिष्ट कानुनहरूमा समेत जातीय भेदभाव तथा छुवाछुतलाई अपराधको रूपमा व्याख्या गरिएको छ । उल्लेखित संवैधानिक कानुनी तथा नीतिगत व्यवस्था बाबजुद नेपालका दलित समुदाय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा पनि जातीय भेदभाव, छुवाछुत, बलात्कार र हत्या, दमन, शोषणजस्ता उत्पीडनबाट युगौंदेखि आजसम्म दासत्व जीवन बिताउन विवश छन् । जातीय उत्पीडनको मात्रामा केही फरक होला तर सारमा दलितप्रतिको अपमान शोषण दडपनमा कुनै पनि कमी आएको छैन ।

संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी सिद्धान्त पनि अक्षरशः कार्यान्वयन हुन सकेको छैन । यस्तो अवस्थामा संविधान र कानुनको प्रभावकारी कार्यान्वयनका लागि सदनमा गम्भीर बहस हुन नितान्त जरुरी छ । तसर्थ, माथि उल्लेखित सबालहरूमा राष्ट्रिय सभाको गरिमामय बैठकमा छलफल गरी नेपाल सरकारलाई देहायबमोजिमको निर्देशनहरू दिन जरुरी देखिएकोले यो सङ्कल्प प्रस्ताव प्रस्तुत गर्दछौं ।

**निर्देशन गर्नुपर्ने विषयहरू**ः-

१. संविधान र कानुनमा व्यवस्था भएबमोजिम कुनै पनि निजी वा सार्वजनिक संस्थानमा हुने छुवाछुत वा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराध मानी दोषीलाई कडा

कारबाही गर्ने र पीडितलाई उचित क्षतिपूर्ति भराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न ।

२. विगतमा नागरिकता, राहदानीलगायतका अन्य सरकारी कागजमा दलित समुदायका व्यक्तिका नाम, थर र अपमानजनक ढङ्गले प्रयोग गर्ने गरिएकोले ती सम्पूर्ण प्रमाणपत्रहरू सच्याउन यसबाट सम्बन्धित व्यक्तिहरूले हालसम्म भोग्नुपरेको शारीरिक, मानसिक पीडा तथा सामाजिक, आर्थिक तथा शैक्षिक उन्नति र प्रगतिमा पुग्न गएको हानि, नोक्सानीको क्षतिपूर्ति भराउने सम्बन्धमा प्रभावकारी नीतिगत व्यवस्था गर्न ।

३. समाजमा दलित समुदायलाई जानीजानी अपमानजनक शब्द प्रयोग गरी हेप्ने, होच्याउने तथा अपमानजनक रूपमा व्यवहार गर्ने जोसुकैलाई कडा कारबाही हुने प्रबन्ध गर्ने र यसको कार्यन्वयन भए नभएको सम्बन्धमा सरकारले अध्ययन अनुगमन गरी वार्षिक रूपमा संसदमा प्रतिवेदन पेस गर्ने व्यवस्था गर्न ।

४. राज्यका सबै निकाय र सबै संरचनामा दलित समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरी सार्वजनिक सेवालगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि तत्काल आवश्यक कानुनी नीति र प्रक्रियागत र संरचनागत व्यवस्था मिलाउन ।

५. दलित समुदायका विद्यार्थीहरूलाई प्राथमिकदेखि उच्च शिक्षामा छात्रवृत्तिसहित निःशुल्क शिक्षाको प्रबन्ध गर्न र प्राविधिक र व्यवसायिक उच्च शिक्षामा विशेष व्यवस्थाको लागि तत्काल कानुनी व्यवस्था गर्न र प्रभावकारी रूपमा कार्यान्वयन गर्न ।

६. यस समुदाय एकल महिला र बालबालिकासमेतलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदानसम्बन्धी तत्काल कानुन निर्माण गरी लागु गर्न ।

७. दलित समुदायका परम्परागत पेसा राष्ट्रिय पहिचानसँग सम्बन्धित आधुनिक व्यवस्थामा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक सिप, स्रोत उपलब्ध गराउन ।

८. संविधानमा व्यवस्था भएबमोजिम भूमिहीन दलित समुदायका व्यक्तिलाई एकपटकलाई जमिन उपलब्ध गराउने र राज्यले आवासविहीन दलितहरूलाई आवाससहित बसोबासको व्यवस्था गर्ने कानुनको प्रभावकारी कार्यन्वयन गर्न ।

९. संविधान र कानुन तथा नेपाल सरकारका क्षेत्रगत नीतिहरूले व्यवस्था गरेबमोजिम दलितहरूको गरिबी न्यूनीकरणको लक्ष्यसहितको नीति कार्यान्वयन र बजेटको व्यवस्था गर्न दलित विकास दशकको योजनासहित कार्यक्रम ल्याउन ।

१०. प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा दलितहरूको लागि समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्नको लागि निर्वाचन प्रणालीमा आवश्यक सुधार गरी कार्यान्यवन गर्न, गराउन सरोकार निकायलाई नीतिगत व्यवस्था गर्ने निर्देशन गर्न ।

११. मानव अधिकार आयोगसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, युपीआर तथा सढ समितिले दिएका सुझाव कार्यान्वयन गर्नका लागि आवश्यक कानुन नीतिगत र संरचनागत व्यवस्था गर्न ।

१२. जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव, कसुर र सजाय ऐन, ०६८ मा पाँच वर्षभन्दा बढी कैद सजायको व्यवस्था गर्न प्रमाणको भार प्रतिवादीमा रहनेलगायतका (अध्यक्षज्यू, केही मिनेट चैं समय थपको लागि अनुरोध गर्दछु ।) र प्रमाणको भार प्रतिवादीमा रहनेलगायतका संशोधन गर्न र संघदेखि स्थानीय तहसम्म ऐनको प्रभावकारी कार्यान्वयनको लागि ऐन संशोधन विधेयक ल्याउन ।

१३. नेपालको संविधानको धारा २५७ मा व्यवस्था भएबमोजिम राष्ट्रिय दलित आयोगको सातै प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्न ।

१४. संविधानको धारा २६९ को उपधारा (४) खण्ड (ग) अनुसार दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्दछ भन्ने व्यवस्था भएबमोजिम निर्वाचन आयोगमार्फत राजनीतिक दलहरूलाई सोअनुसार व्यवहारमा लागु गर्न, गराउन नीतिगत व्यवस्था गर्न ।

१५. नेपालको सबै प्रदेश र पालिकाहरूको आवश्यक बजेट विनियोजन गरी छुवाछुत मुक्त जागरण अभियान गर्न, गराउन ।

१६. देशभरि दलित समुदायउपर हुने विभेदका घटनाहरू दोहोरिन नदिन र त्यसको प्रभावकारी अनुगमन गरी राष्ट्रिय दलित आयोगलाई थप स्वायत्ता, सशक्त र अधिकार सम्पन्न बनाउन ।

१७. रुकुम पश्चिम चउरधारी चौरजहारी स्वतीमा घटेको जातीय विभेदको क्रुर हत्या प्रकरणमा माननीय देवेन्द्र पौडेलको संयोजकत्वमा बनेको आयोगको प्रतिवेदनलाई तत्काल कार्यान्वयन गर्न अजित मिजारको परिवारलाई न्याय प्रदान गर्न र सुन्दर हरिजनको षडयन्त्रमूलक आत्महत्या भनिएको हत्या प्रकरण प्रहरी हिरासतमा भएको आत्महत्या भनिएका प्रकरणहरू लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा

अशोभनीय भएकोले यस्ता घटनाहरू पटक पटक नदोहोरिनका लागि प्रभावकारी व्यवस्था मिलाउन ।

१८. अन्तरजातीय विवाह, अन्तरजातीय प्रेम विवाह गर्ने जोडी तथा निजहरूका परिवारको सुरक्षा, संरक्षण तथा आर्थिक प्रोत्साहनको व्यवस्था गर्न । अन्त्यमा,

१९. उल्लेखित कार्यहरू कार्यान्वयन भए नभएको सम्बन्धमा राष्ट्रिय सभाअन्तर्गतका संसदीय समितिद्वारा बेला बेलामा अध्ययन र अनुगमन गरी दलित समुदायको समग्र प्रगति र विकासका लागि गम्भीर पहल कदमी लिन सम्बन्धित मन्त्रालयहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कानुन, न्याय तथा संसदीय मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालय ।

र अन्तिममा दलित समुदायप्रति हुने विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी प्रस्तावका प्रस्तावक र समर्थकहरू निम्नअनुसार हुनुहुन्छः-

प्रस्तावक भुवन सुनार र (**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरूको नाम पढिरहनुपर्दैन । त्यसलाई छोट्याउनुस् ।) हवस् त मैले सङ्कल्प प्रस्ताव प्रस्तुत गरेको छु । आशा छ सम्पूर्ण माननीयज्यूहरूले यसलाई गम्भीर रूपले लिएर यसलाई पास गराउनलाई चैं पहल गर्नुहुन्छ भन्ने अपेक्षाका साथ मेरो प्रस्तावको वाचन यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**(१३:४० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म सङ्कल्प प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु । प्रत्येक समर्थक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय सुरेश कुमार आलेमगर । (त्यहीँ यथा स्थानबाटै बोलौँ माननीयज्यू ।)

**(१३:४१ बजे)** **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायको विभेद उत्पीडनहरूको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु ।

यसको साथसाथै यो प्रस्ताव ऐतिहासिक महत्त्वको छ । यसले धेरै कुराहरू समेटेको छ । हाम्रो यो समाज यति बेलाको जुन समाज छ यो समाजमा जघन्य अपराधको रूपमा रहेको छुवाछुत छ । यसको अन्त्यको लागि यो प्रस्तावले केही भूमिका खेल्ने भन्ने आशा मैले पनि गरेको हुनाले मैले पनि प्रस्तावक भएको छु । र त्यो आशा गर्दछु । तर मलाई के थाहा छ भन्दाखेरि त्यस्ता ऐन कानुनहरू बनाएर मात्रै यत्रा अपराधपूर्ण कुकृतिहरूको अन्त्य हुँदैन । हाम्रो ऐनमा संविधानमा प्रशस्त मात्रमा व्यवस्था छ । धेरै वर्षअगाडि यस्ता ऐन कानुन बनेका छन् । तर अन्त्य भएको छैन, व्यवहारमा त्यो भएको छैन । त्यसैले त्यसको लागि हाम्रो मानसिकतामा परिवर्तन आउन जरुरी छ । यो मानसिकतामा परिवर्तन ल्याउनका लागि पनि सबैले आफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्दछ । यो छुवाछुत यो निकृष्ट अपराधको रूपमा रहेको यो छुवाछुत कुकुर बिलारोलाई छुँदा जात नजाने मान्छेलाई छुँदाखेरि जात जाने खालको जुन निकृष्ट अपराध जुन छ । यो यसको जस कोही लिनेवाला छैन । उसलाई भन्यो हामीले भन्या छैन भन्छन् । वेदमा छैन भन्छ । त्यो जाति हामीले गर्या हैन भन्छ । त्यो होइन भन्छ । कसले गर्यो त यो? कसरी आयो यो? यो निकृष्ट अपराध योसम्बन्धी कसरी आयो? र कतिपय मान्छेहरू के भन्छन् भन्दाखेरि यो समाजको विकास सँगसँगै शिक्षाको प्राप्ति र चेतना सँगसँगै यो अन्त्य हुनुपर्छ भनेर भन्छन् । तर मलाई त्यस्तो लाग्दैनँ । त्यस्तो लाग्दैनँ र समय यस्तो निकृष्ट अपराधहरूमा रहेको यो जुन प्रचलन छ । यसको अन्त्यका लागि हामीले समय पर्खेर बस्न सक्दैनौं । बस्न हुँदैन । तुरुन्तै ऐन कानुनको निर्माणका साथसाथै त्यसलाई इमानदारिपूर्वक कार्यान्वयन गर्ने दिशामा पनि हामी जानुपर्ने हुन्छ । त्यसको लागि सिङ्गो राज्य सत्ता र तथातथित छुवाछुत ल्याउने व्यक्तिहरू त्यो जाति समुदाय जहाँ जहाँ यो छ । जसले आफूलाई के भन्छन् तिनीहरूले पनि भूमिका खेल्न जरुरी छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोपी बहादुर सार्की आछामी ।

**(१३:४३ बजे) माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद ।

यो असाध्यै ऐतिहासिक र महत्त्वपूर्ण प्रस्तावमा माननीयज्यूले जसरी प्रस्ताव पेस गर्नुभा'को छ । यसका महत्त्वपूर्ण १९ ओटा बुँदाहरू छन् । र हामी १८ जना माननीयज्यूहरूले यसलाई समर्थन गरेका छौं । यहाँ कुनै पार्टी पनि भनिएको छैन । कुनै पनि जाति पनि भनिएको छैन र यो राष्ट्रिय सभाको हिसाबले हेर्दाखेरि एउटा साझा सङ्कल्पको विषय हो । यो सामाजमा भैराखेको मानवताविरुद्धको जुन खालको यो परिस्थिति छ । मान्छेमाथि विभेद अगि माननीयज्यूले भन्या जस्तैः कुकुर, बिरालो र अरू जन्तुहरूले घरभित्र पस्न पाउँछ । तर मान्छेले पाउँदैन । करिब करिब ६० लाख जति नेपालमा भएका दलित समुदाय यसरी सामाजिक रूपमा चाहिँ विभेदमा पारिएको स्थिति छ र अपमानित भएर बाँच्नुपर्ने जुन स्थिति छ । यो दस वर्षको जनयुद्ध पनि यो असमानताको विरुद्धको लडाइँ हो । समानताको, न्यायको र स्वतन्त्रताको लागि लडिएको लडाइँ थियो र यसै गरी समाजमा यस्ता खालका विभेदहरू रहिराखे हो भने हामीले जे परिकल्पना गरेका छौं । समृद्ध नेपाल र सुखी नेपाली भनेर जे लक्ष्य राखिराखेका छौं । त्यो लक्ष्य हासिल गर्नको लागि हामीले मूलतः समाजमा भएको यो विभेदको अन्त्य गरिनुपर्दछ । र संविधानमा जे व्यवस्था गरिएको छ । यो ०७२ सालमा बनेको नयाँ संविधानले यो विभेदको अन्त्यको लागि जसरी परिकल्पना गरेको छ । त्यो परिकल्पनालाई कानुनतः व्यवहारमा कानुन बनाएर लागु गर्नुपर्छ र यो विभेदको अन्त्य गर्नुपर्छ माननीय भुवन वहादुर सुनारले राखुभएको यो जातीय विभेदको विरुद्धको सङ्कल्प प्रस्तावलाई मैले समर्थन गर्दछु । हस् त, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय तुल प्रसाद विश्वकर्मा ।

**(१३:४६ बजे)** <u>**माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायक विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु ।

यसका साथै, आज हामी निरङ्कुश राजतन्त्रको अन्त्य भएर गणतन्त्रात्मक शासन व्यवस्थामा छौं । ०७२ को संविधानले नेपाली समाजलाई अग्रगामी दिशामा अगाडि बढाउनको लागि समाजवादउन्मुख एउटा अर्थतन्त्र सामाजिक, सांस्कृतिक लक्ष्यहरू लिएको छ । तर यस्तो अवस्थामा पनि यो समाजबाट जातीय विभेद र छुवाछुत अन्त्य हुन सकेको छैन । र निरन्तर रूपमा समाजमा छुवाछुत र विभेदका घटनाहरू घटिरहेका छन् । तपाईं हामी जानकार छौं । कि विगतमा भैरहेका थुप्रै हत्या र हिंसाका घटनासमेत हामीले बेहोरेका छौं । सबभन्दा पछिल्लो

घटना भर्खरै तराईमा एक जना वडा अध्यक्षको मृत्यु संस्कारको अन्तिम दिन भएको जुन विभेद एउटा बकाइदा बोर्ड नै लगाएर समुदायको नाम किटान गरेर दलित समुदाय एकातिर अब थारू समुदाय अर्कोतिर मुस्लिम समुदाय अर्कोतिर त्यसरी भोजको आयोजना गरियो । र यसमा हाम्रा सम्माननीय भूपू मन्त्रीहरू सांसदजीहरू सबै समावेश भएको समाचारहरू आएको छ । त्यो अत्यन्त दुःखद् कुरा हो । कि एउटा सार्वजनिक पद धारणा गरेको जिम्मेवारी व्यक्तिहरूले त्यस खालको विभेदलाई वैधानिकता दिने खालको जुन व्यवहार दर्साउनुभो' त्यो अत्यन्त दुःखपूर्ण छ र अति नै खेदजनक छ । र यो छुवाछुत भेदभावको अन्त्यको निम्ति जुन हामीले सरकारी तवरबाट गर्नुपर्ने हो । तदारुकता साथ यसलाई योजना बनाएर कार्यान्वयन गर्नुपर्ने हो । त्यसमा पनि हामी चुकेका छौं भन्ने हामीलाई लाग्छ । र सबभन्दा दुःखको कुरा त यो भेदभाव र छुवाछुत कति गहिरो छ भन्ने कुरा म काठमाडौंमा सांसद भएर काठमाडौं आइसकेपछि मैले प्रत्यक्ष भोगें । ४ महिनासम्म मैले डेरा पाइन । ६ ठाउँमा मेरो डेरा क्यान्सिल भयो । गयो सबै कुरा मिल्छ, हुन्छ । लास्टमा हिंड्ने बेलामा हजुर के थरि हो भन्नुहुन्छ । म विश्वकर्मा हो भनेपछि ल श्रीमान्लाई सोध्नुपर्छ । श्रीमतीसँग कुरा गरेको छ भने श्रीमान्लाई सोध्नुपर्छ भन्छ । श्रीमतीसँग कुरा छिनिएको छ भनेपछि श्रीमान्लाई सोध्नुपर्छ भन्ने गरेर । ६ ठाउँमा डेरा ऊ गरेर । लास्टमा म चाहिँ दलित समुदायकै मानिस खोजेर बसिरहेको छु म अहिले । त्यस खालको दुःखद् अवस्था छ । हामी अझ त्योभन्दा दुःखद् त के भन्दा बारम्बार हामी वामपन्थीहरूले..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय नरपति लुवार ।

(१३:४९ बजे) **माननीय श्री नरपति लुवार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त यो दलितप्रति विभेदको कारणले सङ्कल्प प्रस्ताव ल्याउनुहुने माननीयज्यूलाई म धन्यवाद भन्न चाहन्छु ।

यो दलितप्रतिको अन्याय जुन किसिमको जुन माननीयज्यू सबैले कुरा उठाइसक्नुभएको छ । मान्छेले यो नेपाल भनेको कुकुरको पुजा गर्ने मान्छेप्रति मान्छेलाई विभेद गर्ने यसको अन्त्य हुनुपर्छ भन्ने मान्यताका साथसाथै यो सङ्कल्प प्रस्तावप्रति म मेरो समर्थन व्यक्त गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सिंग वहादुर विश्वकर्मा ।

(१३:५० बजे) **मानवीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**: सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । र यो सङ्कल्प प्रस्ताव पेस गर्ने र कानुनमा उल्लेख गर्ने, जबसम्म यो व्यवहारमा उत्रिँदैन तबसम्म यो कानुनमा उल्लेख गर्ने र सङ्कल्प प्रस्ताव पेस गर्नेमा मात्रै सीमित नरहोस् । जुन यो गरिमामय राष्ट्रिय सभाले अब यो अभियानकै रूपमा चाहिँ यसलाई अन्त्य गर्ने किसिममा चाहिँ अब यसलाई कार्यान्वयनमा आओस् भन्ने एउटा शुभकामनासहित यो गरिमामय सदनमा आफ्नो भनाइ राख्दै फेरि पनि यो जुन अब सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जगत बहादुर पार्की ।

(१३:५१ बजे) **माननीय श्री जगत बहादुर पार्की (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, आज देशमा चाहिँ संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको झन्डै झन्डै १४ वर्ष भएको छ । र त्यो संघीय लोकतान्त्रिक गणतन्त्र पछि संविधान निर्माण भएको पनि ७ वर्ष भएको छ । र त्यो संविधानमा दलितको पक्षमा केही महत्त्वपूर्ण निर्णयहरू भएका छन् । केही विषयहरू समावेश भएका छन् । अब यद्यपि त्यो कानुनको अभावमा अहिले पनि ती कुराहरू लागु भएका छैनन् । म यो सम्मानित सदनसमक्ष म के कुरा अनुरोध गर्न चाहन्छु भने आज यो दलितको विषय जुन दलितको छुवाछुतको विषय, सामाजिक विभेदको विषय हरेक क्षेत्रमा दलित समुदाय पछाडि परेको छ र पारिएको छ, राज्यबाट । यो एउटा दलितको मात्रै विषय नभएर सिङ्गो राष्ट्रको विषय हो । सबै राजनीतिक दलहरूको सरोकारको विषय हो र सिङ्गो नागरिक समाजको सरोकारको विषय हो । जबसम्म यो रूपमा यसलाई चाहिँ आत्मसात् गरिँदैन तबसम्म यो दलितमाथिको विभेदको अन्त्य गर्न मलाई लाग्छ

दलितहरूले मात्रै यो विषय उठाएर यो सम्भव हुन्छ मलाई जस्तो लाग्दैन । त्यसो भएको कारणले गर्दाखेरि म के अनुरोध के आग्रह गर्न चाहन्छु भने यो सदनमार्फत म के अनुरोध गर्न चाहन्छु भने दलितहरूमाथि जुन उत्पीडन, जुन विभेद, जुन चाहिँ एउटा अपमानजनक व्यवहार जुन भएको छ । आजको युगमा पनि २१ औं शताब्दीको युगमा पनि बैज्ञानिक युगमा हैन मानव समाज अहिले धेरै अगाडि बढिसकेको छ । तर पनि आज एउटा दलितले मान्छे भएर बाँच्न पाएको छैन । यो हामी तपाईंहरू यता सहरमा बस्ने मान्छेहरूलाई त्यति यो विषयले छोएको छैन । आज गाउँमा जाने हो । कुना, कन्दरामा जाने हो भने दिन प्रतिदिन दिनदिनै दलितहरूमाथि अपमानजनक व्यवहारहरू भएका छन् । विद्यालयमा, सार्वजनिक ठाउँहरूमा, मन्दिरहरूमा लगायत त्यस्तै अरू ठाउँहरूमा पनि दलितहरूमाथि एउटा विभेद भइराखेको छ । र यो जुन एउटा सङ्कल्प प्रस्ताव त्यो दलितहरूमाथि सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक रूपमा पछाडि पारिएका दलित समुदाय छ । त्यो दलित समुदायको मुक्तिको निमित्त तिनीहरूको हक, अधिकारलाई एउटा सुनिश्चित गर्नको निमित्त जुन यो सङ्कल्प प्रस्ताव आएको छ । यो ऐतिहासिक छ । र यो प्रस्तावको म विशेष रूपमा यो प्रस्तावको म समर्थन गर्दै आफ्नो भनाइ यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय राधे श्याम पासवान ।

(१३:५४ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- ..... माननीय भुवन वहादुर सुनारजीले पेस गर्नुभएको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चिततासम्बन्धी सङ्कल्प प्रस्तावलाई समर्थन गर्दछु । आज २१ औं शताब्दीमा अध्यक्ष महोदय, हामी जातीय विभेदको कुराहरू गरिरहेका छौं । हामी भन्छौं कि यो विज्ञानको युग हो । तर संविधानमा लेखे पनि कार्यान्वयन नहुनुको कारण के त? यसको जिम्मेवारी कसले लिने हो? हामी सबै राजनीतिक दलको दायित्व हो कि होइन? हामी माननीयहरूको दायित्व हो कि होइन? र जुन हाम्रा व्यवस्था छन् । व्यवस्था जुन चलाउने पदाधिकारीहरू छन् । यसलाई कार्यान्वयन गर्ने हामीले जिम्मेवारी लिने कि नलिने? नलिनुको कारणहरू के के हुन् त? आजसम्म पनि हामी सहरमा काठमाडौंमा जातीय विभेदका घटनाहरू घटेका छन् । अहिले पनि हाल फिलाल तराईमा सिराहका जुन माननीयज्यूले भन्नुभो' जनप्रतिनिधि व्यानर टाँङ्गेर, बोर्ड टाँङ्गेर तपाईंको यो जातको फलाना ठाउँमा खाने । यो जात मुस्लिमको यो ठाउँमा खाने भनेर एउटा व्यानर टाँङ्गेर एउटा जुन भोजको व्यवस्था गरियो यो के

कानुनले दिएको छ अधिकार? यदि कानुनले दिएको छैन भने मुद्दा अहिलेसम्म दर्ता किन भएन? अध्यक्ष महोदय, म सरकारसँग प्रश्न गर्न चाहन्छु । कि कारबाही हुने कि नहुने? यात यो कानुनको धजिया उडाउने खेल किन भइराख्या'छ त सभामुख महोदय ।

भर्खरै बिरगन्जमा हालसम्म बिरगन्जमा एउटा यो जग भइरहेको छ । त्यसमा दलित समुदायलाई प्रवेश गर्न दिएको छैन । यतिसम्मको अपराध हुनु भनेको कतिसम्मको अहिलेको २१ औं शताब्दीमा हामी एउटा मानव भएर पनि बाँच्न सकेको छैनौं । मान्छे भन्छन् । के हामी धेरै सबै थोक दिइसक्यो । धेरै दिइसक्यो बत्ती पनि त चाँडै बल्यो अध्यक्ष महोदय, (**<u>सम्माननीय अध्यक्ष</u>**:- समयमै बल्या छ माननीयज्यू, बोल्नुस् बरु त्यो समय प्रयोग गर्नुहोस्) हामी यो २१ औं शताब्दीमा हामीले हाम्रा नेताहरू पहिला नेताहरू सुध्रिनुपर्‍यो । नेताहरूले कार्यान्वयन जुन प्रतिवद्धता दिए'छ । हाम्रो समाजलाई प्रतिवद्धता गर्‍या छ त्यो प्रतिवद्धता पनि पालना गरिएको छैन । यस कारण कि हामीले पहिला नेताहरूले जुन यही सदनमा भनेको थियो । एउटा जातीय विभेदको घटना शिक्षा मन्त्रीज्यूले आफ्नै गाडीमा गएर मुद्दा जसमा दर्ता त्यसलाई लिएर आयो । म त्योसँग पनि भनेको थिएँ कि म अनसन गर्छु भनेर यही हाउसमा मैले बोलेको थियो । तर त्यो पनि कार्यान्वयन भएन । अनि यस्ता घटनाहरू दिन प्रतिदिन घटिरहेको छन् । दिन प्रतिदिन घटिरहेको छ । यो अन्त्य कहिले हुने? जुन हाम्रा भुवन सुनार माननीयज्यूले जुन १९ बुँदे प्रस्तुत गर्‍या'छ सङ्कल्प प्रस्ताव यसलाई कार्यान्वयन होस् । क्षमताको हकमा, आर्थिकको समृद्धिको हकमा, सामाजिक न्यायको हकमा यी ऐन, कानुनहरू जुन ऐन पनि बना'को छ । त्यो कार्यान्वयन भइरहेको छैन । त्यसलाई हामी कार्यान्वयन कसरी गर्ने? त्यो कार्यान्वयनको पक्षमा जाओस् र सम्पूर्ण हाम्रो राष्ट्रिय सभाका सदन ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सिंग बहादुर विश्वकर्मा ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जगप्रसाद शर्मा ।

**(१३:५७ बजे) <u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिअनुसार अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु ।

किनकि, मान्छे मान्छे एउटै हो । कोही मान्छे त्यही मान्छेको सीप चल्ने श्रम चल्ने तर पानी नचल्ने पूर्ववक्ता माननीयहरूले पनि यहाँ राख्नुभयो । २१ औं शताब्दीको यो युगमा यो परिवेशमा पनि मान्छेलाई एक थरी मान्छेले एक थरी मान्छेलाई अछुत घोषणा गर्ने जस्तो निकृष्ट व्यवहार हुने भनेको यो विडम्बना दुःखको विषय हो । यो अर्थमा यिनै विभेदहरूका विरुद्धमा चाहे यो जातीय विभेद होस्, चाहे यो छुवाछुतको विभेद होस्, चाहे लिङ्गीय विभेद होस्, चाहे क्षेत्रीय विभेद होस्, चाहे वर्गीय विभेद होस् । सारा यी सबै विभेदहरूको अन्त्य गर्ने धेरै उद्देश्यका साथ नेपालमा जनयुद्ध भो' जनआन्दोलन भयो । यो शान्ति प्रक्रियामा आयो । संविधानसभापछि बनेको नयाँ संविधानले यो सबै कुराको मूलभूत रूपमा मोटामोटी रूपमा यसको एउटा सम्बोधन गरेको छ । भलै त्यो संविधानको अनुरूप कानुन समयमा बन्न नसक्दाखेरि यो कार्यान्वयनमा जान नसक्दाखेरि जुन प्रकारका समस्याहरू भए त्यो समस्याहरूलाई एउटा फास्ट ट्र्याकबाट अथवा छिटो गतिमा हल गर्न समाधान गर्नका निम्ति राष्ट्रिय सभाको साझा प्रस्तावका रूपमा जुन पूर्ववक्ता माननीयहरूले पनि यहाँ राख्नुभएको छ । दल, कुनै दलको मात्रै यो नभएर सबै दलहरूको साझा १८ जना माननीयहरूले समर्थन गरेर बनेको यो १९ बुँदे प्रस्ताव जो छ । यो प्रस्तावलाई अगाडि बढाएर मतलब विधेयक अथवा कानुन बनाएर यसलाई कार्यान्वयन गर्ने प्रक्रियामा हामी अगाडि लैजाने जो ढङ्गले जस्तो यो छुवाछुतको समस्या यो इतिहासमा पनि थिएन । पछि भविष्यमा पनि यो रहँदैन । संसारका सबै देशहरूमा पनि यो छैन । केही देशमा मात्रै यो भएको नेपाललगायत केही देशहरूमा मात्र भएको यो एउटा निच निकृष्ट खालको अपराध जस्तो समस्या जो छ । यो समस्याको अन्त्यका निम्ति कानुन बनाएर अगाडि लिनका निम्ति म यो प्रस्तावलाई समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रमिला कुमारी ।

(१४:०० बजे) **<u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, संघीय लोकतान्त्रिक नेपालको तेस्रो उपराष्ट्रपति पदमा निर्वाचित हुनुभएका सम्माननीय उपराष्ट्रपति राम सहाय यादवलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । र त्यसपछि म सङ्कल्प प्रस्तावमा छलफल गर्न चाहन्छु ।

माननीय भुवन वहादुर सुनारले सदनसमक्ष पेस गर्नुभएको दलित अधिकारसम्बन्धी सङ्कल्प प्रस्तावमा म आफ्नो तर्फबाट र मेरो दल जनता समाजवादी पार्टी, नेपालको तर्फबाट हार्दिक समर्थन जनाउन चाहन्छु । वास्तवमा दलित समुदायको सवाल पनि राष्ट्रिय सवाल हो ।

दलित समुदायसँग हुने विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित हुनु अति आवश्यक छ । छुवाछुत वा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराध मानी दोषीलाई कडा कारबाही हुनुपर्ने नागरिकता राहदानीलगायतका कागजातमा व्यक्तिका नाम थर अपमानजनक ढङ्गले प्रयोग गर्ने हेप्ने होच्याउने जो सुकैलाई कडा कारबाही हुने प्रबन्ध मिलाउनुपर्दछ । र साथै क्षतिपूर्तिको व्यवस्था पनि हुनु जरुरी छ । जनआन्दोलन जनयुद्ध मधेस आन्दोलन दलित, जनजाति, आदिवासी आन्दोलन, थारू आन्दोलनलगायतका अन्दोलनद्वारा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । मानव विकास सूचकाङ्कमा पछि परेका समुदाय मधेसी, दलित, जनजाति आदिवासी, मुस्लिम, थारू, अल्पसङ्ख्यक पहाडका खसआर्य र महिलाले पनि राज्यको सार्वभौमसत्ता राजकीय शक्ति र शासन अधिकारमा समानुपातिक साझेदारी पाउनुपर्छ । जसको लागि म र मेरो दल सडक सदन र सरकारबाट सहयोग गर्न तयार छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय प्रकाश पन्थ ।

(१४:०२ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडतको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता र समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु ।

अब यो संविधानमै सङ्कल्प भ'को विषय हो खास भन्ने हो भने संविधानमा सङ्कल्प भ'को विषयलाई फेरि हामीले यहाँ फेरि सङ्कल्प गर्नुपर्या छ । संविधानसभामा र संविधानमै छलफल भ'का विषयहरूलाई फेरि हामीले यहाँ दोहोऱ्याई दोहोराऱ्याई छलफल गर्नुपर्ने स्थितिहरू आ'को छ । यसरी हेर्दाखेरि हामी यो सरकार यो विषयमा कहाँतिर छ । अनि राज्यको संयन्त्रहरू कहाँनिर छ । भन्ने कुरा यसले स्पष्ट परेको छ । आजको यो छलफललाई मात्रै हेर्ने हो भने पनि त्यहाँ मन्त्रीहरू भरिभराऊ हुनुपर्ने थियो । मन्त्रीहरू हुनुहुन्न । एक जना मात्रै हुनुहुन्छ । पछाडिपट्टिको दर्शकदीर्घामा सचिवज्यूहरू भरिभराऊ हुनपर्ने थियो । त्यहाँ सचिवज्यूहरू पनि हुनुहुन्न भनेपछि सरकार र राज्यको चाहिँ संयन्त्रहरूलाई चाहिँ यो विषय एकदम यो विषयमा उनीहरू सेन्सेटिभ छैनन् गम्भीर छैनन् भन्ने कुरा यहीँबाट पनि स्पष्ट हुन्छ र उनीहरूले यस्ता राज्य र सरकारले कसरी यो विषयलाई लिइरहेको छ भन्ने कुरा पनि यो यहीं हामीले आँखैअगाडि हेर्दाखेरि पनि यो विषयहरू छर्लङ्ग हुने विषयहरू छ ।

अब संविधानले सङ्कल्प गर्यो । अनि संविधानलाई कार्यान्वयन गर्न थुप्रै सबै ऐनहरू पनि बने । मौलिक हकका विषयहरू पनि बने । अरू थुप्रै अरू पनि ऐनहरू बने तर यो दलितको विषयहरू छुवाछुतको विषयहरू यो विभेदका विषयहरू जिऊका तिऊ छन् । अब संविधान कार्यान्वयन गर्ने ऐनले यसलाई कसरी ल्या' छ । ऐन कार्यान्वयन गर्ने नियमावलीहरूले यसलाई कसरी ल्या' छ । र त्यो नियमावली कार्यान्वयन गर्ने यहाँ हाम्रा कार्यालयका प्रमुखहरू सरकारका निकायहरूले यो विषयलाई कसरी ल्या' छ भन्ने कुरो त्यो एकदम त्यो भा'का अधिकारहरूलाई एकदम खइ खोलो सुक्यो भने जस्तो संविधानमा अलिकति कुरा छ । ऐनमा त्यो कुरा सुक्या छ । अनि नियमावलीमा त्यो कुरा घटेर आ' छ । र दलितको हातहरूमा र अधिकार प्राप्त गर्ने व्यक्तिको हातमा केही पनि नपुग्ने स्थितिमा त्यसरी चाहिँ अधिकार कटौती हुँदै सुक्दै सुक्दै सुक्दै आएर पछि एउटा शासक एउटा प्रशासक एउटा हाकिमको हातमा गएर उसको विवेकमा यो कुरा भर पर्ने गरी चाहिँ यसरी टुङ्गिएको विषयहरू चाहिने छ । यसलाई सबै सरकार राज्यका सबै निकायहरूले यसलाई गम्भीर ध्यान दिन आवश्यक छ । एउटा व्यक्तिले कसुर गर्यो भने दन्ड सजाय हुन्छ । तर सरकारले यी ऐन, कानुन संविधान कार्यान्वयन गरेन भने सरकार केही कारबाही हुन सक्छ । त्यसतर्फ पनि हामी छलफल गर्नुपर्ने आवश्यकताहरू छ । र यो विषयलाई हामी समर्थन गर्दै अब यो दिगो विकास सुशासन समितिमा पनि विषय छलफल भा'को थियो । त्यो त्यही छलफल भएर हामी धेरै यसलाई समृद्ध बनाएर हामी अगाडि पठायौं दिगो विकासको १० नम्बर लक्ष्यमा पनि यो विषय समानताको विषयहरू छ । यसलाई हामी फेरि पनि भोलि सरकारलाई मन्त्रीहरूलाई सचिवहरूलाई समितिमा पनि बोलाएर यो विषयमा ऱ्याखऱ्याखती पार्ने फलोअप गर्ने कुरामा हामी कमिट्मेन्ट पनि गर्न चाहन्छौं । यसको नेतृत्व समितिभित्र बसेर स्वयम् प्रस्तावक माननीयज्यू भुवन वहादुर सुनारले यसको नेतृत्व पनि गर्नुहुने छ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय देवेन्द्र दाहाल ।

**(१४:०५ बजे) <u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले यो सामाजिक विभेदको विरुद्धमा एउटा सङ्कल्प प्रस्ताव सामाजिक विभेदभित्र दलितहरूलाई गर्ने विभेद यो सङ्कल्प प्रस्ताव आ'को छ । यो खुसीको कुरा छ । र यो सङ्कल्प प्रस्तावले भोलिका दिनमा कानुन निर्माण र व्यवहार परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

हामीले मानिस छुत अछुत हुन्छ म भन्दै भन्दिनँ जाति र पाति छुट्याउने रितलाई म मान्दै मान्दिनँ भनेर गीत गाएको पनि ४४ वर्ष भइसकेछ । यो गीत गाउँदै हिँडेको ४४ वर्ष भइसकेछ । पैतिस छत्तिस सालतिर हामी यो गीत गाउँथ्यौं । र अहिले हामी राज्य सञ्चालनको अवस्थामा पुगेका छौं । र कोही सत्तापक्ष, कोही प्रतिपक्ष, जनआन्दोलनका सहयात्रीहरू, विभिन्न आन्दोलनहरूका सहयात्रीहरू भएका छौं । तर पनि संविधानमा मौलिक हकको रूपमा हामीले उल्लेख गर्यौं । र मौलिक हकलाई यसो मैले हेरें धेरै जसो चाहिँ दलितहरूलाई नै सम्बोधन गरेका रहेछन् । जस्तो धारा १६ मा सम्मानतापूर्वक सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदवावविरूद्धको हक, धारा ४० मा दलितको हक र यसभित्र दलित र भूमिहीन दलितलाई कानुन बनाएर एक पटक जमिन उपलब्ध गराउने भनेर उल्लेख गरेको रहेछ । यस्ता खालका कुराहरू चाहिँ धेरै हामीले कानुनमा पनि उल्लेख गर्‍यौं नगरेको होइन तर कानुन निर्माण गरेर मात्र हुँदैन । र मैले अगि भने कानुन निर्माण र व्यवहार परिवर्तन दुइटै हुनुपर्छ । यसको लागि कमिटमेन्ट चाहिन्छ । र यो कमिटमेन्टको सुरूवात हामीले राष्ट्रिय सभाबाट गर्न प्रयत्न गरेका छौं । र माननीय भुवन वहादुर सुनारले यो प्रस्ताव गर्नुभा' छ । र हामीले समर्थन गर्या' छौं । म मेरो व्यक्तिगततर्फबाट र पार्टीको तर्फबाट पनि हार्दिकतापूर्वक यो सङ्कल्प प्रस्तावको समर्थन गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भगवती न्यौपाने । माननीय भगवती न्यौपाने । माननीय भगवती न्यौपाने ।

माननीय जयन्ती देवी राई ।

(१४:०८ बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । र यो प्रस्ताव अत्यन्तै महत्त्वको प्रस्ताव छ । यो ऐतिहासिक प्रस्ताव छ । किनभने यो आज एउटा समुदायको हैन । एउटा हामी सबैको यो साझा प्रस्तावको रूपमा यो आएको छ । निश्चित रूपमा हामी त्यही अपेक्षा गरेका छौं कि यो प्रस्तावले आज पछाडि परेको वर्ग, समुदायहरूको हक अधिकार सुनिश्चित गर्ने सन्दर्भमा कानुन निर्माण गर्ने र सुनिश्चित गर्ने सन्दर्भमा यसले ठुलो सहयोग पुर्‍याउँछ र साँच्चै जीवनमा परिवर्तन गर्छ । र

आज सबै पीडकहरूको पनि मन, चेतना यसले चाहिँ परिवर्तन गर्छ भन्ने कुरामा म अपेक्षा र विश्वास लिएको छु ।

अध्यक्ष महोदय, वास्तवमा यो अहिले अगि पनि हाम्रो माननीयज्यूहरूले भनिसक्नुभएको छ । आजको युग यो आधुनिक युग र विज्ञान र प्रविधि चरम रूपमा चाहिँ प्रयोग भएको युग र विदेशका संसारका मान्छेहरू चन्द्रमा पुगिसके छ । तर यो विडम्बना यो मुलुकमा, यो देशमा आज मान्छेमाथि मान्छेको विभेद मान्छे बिचको विभेद र आझै यो जुन एउटा समुदाय जहाँ १३ प्रतिशत ८ पोइट र करिब ६० लाख जनसमुदाय जहाँ अत्यन्तै चरम यातना, विभेदको सिकार बनिरहेको बनिराखेको स्थिति छ । यो एकदमै यो चाहिँ हामीले सहन नसकिने हो । जसले गर्दाखेरि आज यो एकदम सामाजिक अपराध यो चाहिँ आजको संविधान विरोधी क्रियाकलाप पनि हो । त्यसो भएको कारणले आज हामी यो समुदायको हक, अधिकार सुनिश्चित गर्नेतर्फ र हामी सबै राजनीतिक दलहरूले र सरकारले यसमा तदारुकताका साथ अगाडि बढ्न पर्दछ भन्ने कुरा म यहाँ अध्यक्षमार्फत सरकारको ध्यानआकर्षण गर्न चाहन्छु ।

र आज साँच्चै भन्ने हो भने आज यो स्थिति भनेको यो देशको समृद्धि, विकास, सभ्य समाज र सुसंस्कृति समाजको एउटा प्रश्न हो । त्यसकारणले पनि आज सबैले यस कुरालाई एकदमै गम्भीरताका साथ लिनुपर्छ अघि नै माननीयज्यूहरूले भन्नुभए जस्तै आजको सीपले यो देश निर्माण भएको छ । उनीहरूको सीपले आज तपाई हाम्रो चाहिँ एउटा सबैको इज्जत ढाकेको छ । आज उनीहरूको सीपले चाहिँ आज यो मुलुकमा यति ठुलो ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तारामान स्वांर ।

(१४:११ बजे) **<u>माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, पूर्ववक्ता माननीयज्यूहरूले धेरै कुराहरू राखिसक्नुभएको छ । आजको एक्काइसौं शताब्दीमा र संघीय लोकतान्त्रिक गणतन्त्रको अवस्थामा हामी रहेको अवस्थामा पनि संसदमा, राष्ट्रिय सभामा यस्तो खालको सङ्कल्प प्रस्ताव हामीले पारित गर्नु भनेको

अत्यन्तै लज्जाको विषय, अत्यन्तै दुःखको विषय हो । किनभने यो अवस्थामा समाजमा जुन किसिमका भेदभावहरू, उत्पीडनहरू देखापरिरहेका छन् यो एउटा श्रमजीवी वर्गमाथिको जसले श्रम गरेर श्रमजीवी वर्गलाई हेला गर्ने परम्परावादी पुरानो समाजका सोचहरू अझै पनि हामीमा विद्यमान छन् भन्ने कुराहरू नै देखाउँछ । त्यसकारणले जबसम्म हाम्रो सोचहरूमा परिवर्तन हुँदैन, हाम्रा व्यवहारहरूमा परिवर्तन हुँदैन र ऐन कानुन सङ्कल्प प्रस्ताव पारित गरेर मात्र हुँदैन भन्ने कुरा यसले देखाउँछ । किनभने ऐन पनि छ, संविधानमा पनि त्यसको ग्यारेन्टी गरिएको छ । तर पनि समाजमा जातीय उत्पीडन, भेदभाव, छुवाछुत यथावत् कायम रहेको छ । त्यसकारणले हामी सबैले गम्भीर बन्नुपर्दछ । कि यो हाम्रो निम्ति, हामी यो समाजको निम्ति अत्यन्तै लज्जास्पद विषय हो । त्यसकारणले यसलाई निर्मूल गर्नुको निम्ति यो जुन प्रस्ताव माननीय भुवन वहादुर सुनाले राख्नुभएको छ त्यसलाई पुनः पनि म समर्थन गर्दै आफ्नो भनाइ यहीं अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विमला घिमिरे । माननीय विमला घिमिरे । माननीय विमला घिमिरे ।

माननीय माया प्रसाद शर्मा ।

(१४:१३ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु किनकि हामी आज एक्काइसौं शताब्दीमा छौं । एक्काइसौं शताब्दीमा हाम्रो संसदमा छुवाछुत हुनुहुन्न भनेर सङ्कल्प प्रस्ताव पेस गर्छौं । हामी यति बेलासम्म राज्यसत्ता सञ्चालन गर्यौं । राज्यसत्ताको यो वा त्यो ढङ्गले हामीले सञ्चालन गर्दै आयौं र संविधानमा लेख्यौं, कानुनमा लेख्यौं, नियममा लेख्यौं । तर हाम्रो दिमागमा छुवाछुत हुनुहुन्न भन्ने हामीले लेखेनौं । जबसम्म दिमागमा छुवाछुत हुनुहुँदैन, असमानता हुनुहुँदैन, अन्याय हुनुहुँदैन भनेर भन्ने कुरा जाँदैन तबसम्म निरन्तर ढङ्गले, यो वा त्यो ढङ्गले त्यो जीवित रहिराख्छ । त्यसकारण हामीले राष्ट्रिय सभाबाट एउटै सङ्कल्प प्रस्ताव पेस गरेर हाम्रो राष्ट्रिय सभामा छुवाछुत छैन भनेर भन्ने सन्देश दिन्छौं । र देशका निमित्त हामी सबैले त्यो कुरालाई प्रचार गर्छौं । यसको मक्सद त्यही होला ।

हामीले धेरै सङ्घर्षहरू गर्यौं । विशेष गरेर सङ्घर्षहरूमा मैले अलिकता अनुभवका हिसाबले हेर्ने हो भने जनयुद्धका बेला छुवाछुतको अन्त्यका निमित्त हामीले सङ्घर्ष गर्यौं । त्यहाँ अन्तरजातीय विवाहहरू भए, घरबार भए, छोराछोरीहरू जन्मिए । त्यो समाजमा फेरि पुनः स्थापित भयो । समाजले त्यसका बारेमा कुरा उठाउन थाल्यो । गलत गरिस् भनेर भन्यो, फेरि पछिल्लो ठाउँमा पुगे । कतिपयहरूको, महिलाहरूले त आज त्यसलाई संरक्षण गरेका छन् । पुरुषहरूले त्यो अन्तरजातीय ..... बन्दहरूलाई, विवाहलाई पनि खारेज गरेर फेरि कथित आफ्नो जाति भन्ने नाममा फेरि पुनर्विवाह भएको इतिहास देखिएको छ । यसकारण निरन्तर धक्का क्रमभङ्ग र एउटा प्रयोगका निमित्त निरन्तर सङ्घर्ष जरुरी हुँदो रहेछ । यो एउटा सदनबाट गरिने सङ्घर्ष हो । यो जुन प्रकारको सङ्कल्प प्रस्ताव छुवाछुतको विरुद्धको र हामी हाम्रो एउटा मान्छेले, एउटै समुदायमा बस्ने मान्छेले एउटाले तागाधारी जनै लगाउने, अर्को छुत अछुत भएर कुकुरभन्दा बाहिर, बिरालोभन्दा बाहिर रहेर त्यसैको सेवा चाकरी गर्ने प्रवृत्तिको अन्त्य गरौं । त्यसो संरचनाको अन्त्य गरौं भन्ने उद्देश्य छ । यसलाई हामीले अवश्य पनि पारित गर्ने छौं । हाम्रो जीवनमा, हाम्रो व्यवहारमा लागु गर्ने छौं । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गंगा कुमारी बेलवासे ।

(१४:१६ बजे) **माननीय श्री गंगा कुमारी बेलवासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, समाजवादी व्यवस्था उन्मुख लोकतान्त्रिक गणतन्त्रमा दलितमाथिको विभेद सुहाउँदैन । अन्तरजातीय विवाह गर्ने जोडीलाई प्रोत्साहान भत्ता १ लाख दिने विगतको व्यवस्था पुनः लागु गर्न म माग गर्दछु । समाजमा दलित भनिएका समुदायभित्र पनि विभेद छ भन्ने सुन्नमा आउने गरेको छ । यो विषयमा थप जागरण ल्याउने र त्यस प्रकारको विभेदको अन्त्य गर्न हामी अगाडि बढ्नुपर्दछ । विभेद अन्त्यको लागि कानुन बनाएर अगि बढ्नुपर्दछ । सोच व्यवहार र कानुनले विभेद अन्त्य गर्न सकिन्छ भन्ने म विश्वास गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद ।

(१४:१७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब सङ्कल्प प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयाका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय मदन कुमारी शाह (गरिमा) ।

(१४:१८ बजे) **<u>माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म माननीय भुवन वहादुर सुनारद्वारा प्रस्तावित दलित समुदायमाथि हुने विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावको समर्थन गर्दछु ।

अध्यक्षज्यू, भनिन्छ सबै प्रकारका असमानता र विभेद दुई कान र दुई आँखाको बिचमा हुन्छ । आँखाले देख्छ, कानले सुन्छ, सुनेर देखेअनुसार धारणा बनाउँछ र त्यहीअनुरूपको व्यवहार गर्छ यसो भनिरहँदा हाम्रो समाजले के सुनाइ र देखाइरहेको छ भनेर भनिरहनुपरेन । मानवीय सांस्कृतिक अभ्यासहरू कस्ता गर्ने र गराउनेतर्फ राज्यको ध्यान गएको देखिँदैन । राज्यले बिर्सन मिल्दैन कि विभेद र असमानता मानव विकासको एउटा गम्भीर समस्या र चुनौती हो । जहाँ विभेद हुँदैन । जहाँ समानता हुन्छ । त्यहाँ सुखी र समृद्ध जीवन र राष्ट्र हुन्छ मानिस सम्मान मर्यादा शान्ति र समृद्धिका साथ बाँच्न सक्छ । त्यति मात्रै होइन । समानता मर्यादा सम्मान र सुरक्षाको सुनिश्चता नागरिकको अधिकार हो भने प्रदान गर्नु राज्यको दायित्व हो ।

सम्माननीय अध्यक्षज्यू, सामाजिक संरचनात्मक गलत मान्यताहरू गलत धारणा कानुन र कानुनको कार्यान्वयन अभावमा अझै पनि समाजमा जातका आधारमा भेदभाव कायम छ जसका कारण मानिस मानिसबिचको विभेदलाई निर्मूल गर्न सकिएको छैन । परिणामतः दलित वर्ग सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा सम्मानित जीवन बाँच्न पाइरहेको छैन । गणतन्त्र घोषणापछि पनि ३ दर्जन जति मानिस जातीय आधारमा मारिएका छन् । आजित मिजारको पार्थिव शरीरले ७ वर्ष भइसक्दा पनि अन्तिम संस्कार पाएको छैन । टिचिङ अस्पतालको लासघरमा आज आज पनि न्यायको पर्खाइमा छ । दलित महिलाको अवस्था झनझनै दयनीय

छ । एक तथ्याङ्कअनुसार बलात्कारपछि हत्या गरिने महिलाहरूको सङ्ख्यामा ८० प्रतिशत दलित महिला छन् । हाम्रो समाज र राज्य यस्ता विषयमा उदासीन देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, समाजमा अतिवादी सोच हाबी हुँदै गएको हो कि भन्ने आभास हुँदै छ । यसलाई समयमा नै रोक्न सकिएन भने असमानता र हिंसा झनै बढेर जाने छ मुलुक यस्तै कारणले पनि जातीय द्वन्द्वमा फस्ने गरेका अनेकौं उदाहरणहरू छन् । अध्यक्ष महोदय हामीले बनाएको संविधानको प्रस्तावनामै सबै प्रकारका जातीय छुवाछुत र भेदभाव अन्त्य गर्ने भनिएको छ । त्यसै गरी संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत छुवाछुत तथा भेदभावविरुद्धको हकको व्यवस्था गरेको छ संविधान पूर्णतः कार्यान्वयन गर्न जारी भएको ३ वर्षभित्र कानुन बनाइसक्ने भनिए तापनि ७ वर्ष भइसक्दा पनि अझै बन्नुपर्ने कानुन बनिसकेका छैनन् । तसर्थ संविधानद्वारा प्रदत्त अधिकार उपयोग गर्न आवश्यक कानुन बनाउन भएका कानुन र नीतिलाई अध्यावधि गर्न र कार्यान्वयन गर्न गराउन सरकारसँग जोडदार माग गर्दछु साथै जसरी महिला हिंसा अन्त्यका लागि माननीय माधव नेपालले आफू प्रधानमन्त्री भएको बेला महिला हिंसाविरुद्धको अभियान वर्ष भनेर सुरुआत गर्नुभएको थियो । त्यसै गरी दलितमाथि हुने हिंसाको अन्त्य र समानताका लागि २०८० साललाई जातीय छुवाछुतविरुद्धको अभियान वर्ष घोषणा गरियोस् भनेर सरकारसँग माग गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा ।

(१४:२१ बजे) **<u>माननीय खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- ..... (आवाज नसुनिएको) सर्वप्रथम म यो सङ्कल्प प्रस्तावको समर्थन गर्दछु । मैले पटक पटक भन्ने पनि गरेको छु नेपालको संविधानले दलितलगायत पछाडि परेका पारिएका वर्ग र समुदायको हक अधिकारलगायतको सुनिश्चिता गरेको छ । प्राप्त उपलब्धहरूको संस्थागत गर्दै थप उपलब्धिका लागि प्रयास गर्नुपर्छ । त्यसैले पनि यो व्यवस्थाको सवलीकरण र सुदृढीकरणमा जोड दिनुपर्छ भन्ने पनि हो । यसै सन्दर्भमा हामीले यही संसदबाट सङ्घीयता कार्यान्वयनसम्बन्धी संसदीय विशेष समितिको प्रतिवेदन पेस गरेका छौं । ९९ बुँदे सिफारिस पनि गरेका छौं । सिफारिसमा दलितलगायतका समुदाय र वर्गको हक अधिकारको विषयहरू पनि समावेश गरेका छौं । जस्तो सिफारिसको बुँदा नम्बर ४ समावेशी प्रतिनिधित्वसम्बन्धी कानुन तर्जुमा सँग सम्बन्धित छ । सिफारिसमा हामीले भनेका छौं समावेशी सिद्धान्तलगायतका आधारमा राज्यका हरेक निकायमा महिला दलित आजवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक सीमान्तकृत

अपाङ्गतालगायतको सहभागिता सुनिश्चित गर्ने त्यसै गरी सिफारिसको बुँदा नम्बर १६ मा पछाडि परेका पारेका वर्ग र समुदायको सम्मानसँग सम्बन्धित छ। सिफारिसमा हामीले लेखेका छौं दलितलगायत पछाडि परेको पारेको वर्ग र समुदायको आत्मसम्मानमा अभिवृद्धिको सशक्त शक्तीकरणको माध्यमबाट स्वतन्त्रपूर्वक बाँच्न र जिउन पाउने अधिकारको सुनिश्चिता गर्ने । यसै गरी १७ नम्बरको सिफारिसमा विभेद र हिंसाको निराकरणलगायतसँग सम्बन्धित छ । सिफारिसमा भनिएको छ । दलितलगायतका वर्ग र समुदायमा गरिने विभेद र सबै प्रकारको हिंसा र दुर्व्यवहार नियन्त्रण र निराकरणको लागि भरपर्दो र विश्वासयोग्य वातावरण निर्माण गर्ने सिफारिसहरू काम गर्न संसदले निर्देशन पनि दिएको अवस्था छ । यस सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूले सिफारिसहरू अक्षरशः कार्यान्वयन गर्ने प्रतिबद्धता पनि यसै संसदमा जनाउनुभएको छ । यी सिफारिसहरू मात्रै इमानदारिताका साथ गर्ने हो भने दलितलगायत पछाडि परेका पारेका समुदायको वर्ग र हक अधिकार सुनिश्चिता हुन्छ । मुलुक प्रवाहीकरण हुन्छ ।

अन्त्यमा अध्यक्ष महोदय, जातीय र समुदायगत रूपमा दलितहरू पछाडि परेका छन् पारिएको छ यसका लागि राज्यले ध्यान दिनुपर्छ । यसमा कुनै विवाद छैन । तर हामीले नीति बनाउँदा जातजाति भाषाभाषीभन्दा पनि गरिबी र विपन्नतलाई मूल आधार मान्नु पर्ने विषयलाई पनि त्यतिकै मनन गर्न जरुरी छ । कर्णाली प्रदेश सुदूरपश्चिम प्रदेशमा कति कतिपय बाहुन क्षेत्रीहरूका पनि दलितहरूभन्दा धेरै गरिब छन् । धेरै पछाडि परेका छन् । त्यसै कारणले हामीले यो जातजाति भाषाभाषीभन्दा पनि यो गरिबीलाई एउटा आधार मान्नुपर्ने जरूरी मैले देखेको छु । यो विषयलाई पनि मैले ध्यानाकर्षण गराएँ ।

र अन्त्यमा फेरि पनि मैले यो सङ्कल्प प्रस्तावको त म समर्थनै गर्छु । तर एउटा कुरा भन्नै पर्ने हुन्छ । सम्माननीय अध्यक्ष महोदय, प्रस्तावकज्यूले आफैले एउटा विभेद कार्यनीति यहाँ ल्याउनुभो' र एउटा सोच मानसिकता मैले देखें । हामी मैले पटक पटक यो दलितलगायतका हक अधिकारको कुराहरू बोलेको छु, लेखेको छु । तर हामी डेढ दर्जन सांसदज्यूहरूले समर्थन गर्दाखेरि कम्तीमा हामीलाई सोध्नुभएन । त्यसकारण विभेदकारी सोच वहाँ आफूसँग रहेछ । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कमला पन्त ।

(१४:२४ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- ..... (आवाज नसुनिएको) अध्यक्ष महोदय, हामीले लामो समयदेखि न संविधानले विभेद गरेको छ । यस्ता कानुनहरूले गरेका छन् । त्यही पनि हाम्रो भित्र एउटा मानसिकता जकडिएको छ । परम्परागत मानसिकता त्यो मानसिकतालाई हामीले कसरी कमजोर गराउन सकिन्छ । यो सामाजिक विकृतिको अन्त्य गर्नको लागि हाम्रो आफ्नो भित्रैदेखि आउनुपर्ने हुन्छ ।

अध्यक्ष महोदय, म दलित प्रस्तावक माननीयज्यूलाई पनि म एउटा प्रश्न गर्न चाहन्छु । यहाँहरूभित्र पनि विभेद छ । त्यो विभेदको अन्त्य गर्नको लागि यहाँहरू जागरूप हुनुपर्छ भन्ने मेरो माग छ यहाँहरूसँग पनि र हामीले इतिहास पढेका छौं अध्यक्षज्यू महोदय । इतिहासमा विसे नगर्चीले पृथ्वीनारायण शाहाले एकीकरण गर्दाको अवस्थामा पृथ्वीनारायण शाहालाई सल्लाह दिएर आर्थिक सङ्कलन पनि जरुरी छ भनेर आफै एक रुपियाँ पैसा दिएर एक रुपियाँ दिएर हतियार खरिद गर्नेदेखि लिएर सम्पूर्ण कुरामा आर्थिक सङ्कलन जरुरी छ भनेर पृथ्वीनारायण शाहालाई सल्लाह दिएर बिसे नगर्चीले यो एकीकरणको आन्दोलनलाई अगाडि बढाउनुभा'को थियो । त्यसैले दलितमा दलित भन्दैमा हामीले दलितलाई पछाडि पार्नुपर्छ भन्ने होइन । र नेपालको संविधान (२०७२) ले सबैभन्दा धेरै अधिकार दिएको छ भने पछाडि परेको पछडिएको क्षेत्र, वर्ग, दलित महिलालाई दिएको छ तर अब कार्यान्वयनमा कमजोरी छ । आजको सङ्कल्प प्रस्तावले पनि माग गरेको त्यही हो जस्तो लाग्छ अध्यक्षज्यू । (मेरो चाहिँ रेकर्डै भा' थिएन अध्यक्षज्यू । समय अलिकति मैले आफैले खाएँ ।)

त्यसले गर्दा अध्यक्षज्यू, हामी यो परम्परालाई पनि तोड्न प्रयत्न गर्नुपर्यो हामी व्यवहारिकतातिर पनि जानुपर्यो र अब पछाडि परेको चैं गरिबीकै कारण हो मलाई पनि त्यस्तै लाग्छ गरिबीको अन्त नहुँदासम्म यो दलित, महिला, आदिवासी जानजाति, पिछडिएको क्षेत्र, वर्ग आदि इत्यादि भन्नुभन्दा पनि र अहिले संवैधानिक आयोग छ । दलित आयोग छ । आयोगमा आयोगको अवस्था के छ । अनुगमन गरिएको छ कि छैन । आयोगले काम गरेको छ कि छैन । संस्थाहरू छन् तर संस्थाहरूले राम्रोसँग कार्यान्वयन गर्न सकेको छैन । कार्यान्वयन गर्नु नसक्नुको कारण के हो? यो अनुगमनमा पनि विशेष जोड दिनुपर्छ भन्ने मेरो मान्यता छ ।

र अन्तमा प्रस्तावक माननीयज्यूले जुन प्रस्ताव ल्याउनुभा'को छ । सङ्कल्प प्रस्ताव यो प्रस्तावको पक्षमा मेरो समर्थन रहेको अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

**(१४:२७ बजे) मानननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, भुवन वहादुर सुनारले राखुभएको सङ्कल्प प्रस्तावको म पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । "मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।" यो लक्ष्मीप्रसाद देवकोटाले भनेको हुन् । म यहाँनिर सम्झिनँ चाहे । विश्वमान चित्रमा नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक बहुसांस्कृत विविधतायुक्त मुलुक नेपाल रहेको छ । १२५ जातजाति छन् भने २३ प्रकारका भाषाभाषी छन् । सबभन्दा बढी मुलुकमा प्रतिनिधित्व गर्ने दलित वर्ग रहेको छ त्यो वर्ग मानव सूचकाङ्कले पनि पछाडि परेको छ राष्ट्रिय छुवाछुत तथा भेदभावमुक्त घोषणा गरेको त्यतिका वर्ष पुगिसक्दा पनि कार्यान्वयनको अवस्था अत्यन्त फितलो छ । संविधानमा हामीले प्रस्तावनामै कुनै पनि प्रकारका भेदभाव हुनुहुँदैन भनेर प्रस्तावनामै राखेका छौं । तथापि पनि अझ पनि संविधानले प्रदत्त गरेका अधिकारहरूलाई कार्यान्वयन गर्ने पक्षमा भएका कानुनहरूलाई प्रभावकारी कार्यान्वयन आवश्यक कानुन निर्माणको लागि अझ पनि निर्माण नभइरहेको बेलामा हामीले भएका कानुनहरूलाई कार्यान्वयन गर्ने र आवश्यक कानुन निर्माणको लागि हामी सबैको ध्यान जन जरुरी छ भन्ने मलाई लाग्दछ । त्यसै गरी दलितहरूलाई संविधानमै सम्पत्तिमाथि पहुँचको कुरा राखेको छ । अझै पनि वैज्ञानिक रूपमा अध्ययनको सुरुआत भएको छैन । त्यतातर्फ पनि सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ र संविधानमा विशेष अधिकारको व्यवस्था गरिएको छ । जुन दलितभित्र पनि पिँधमा रहेका दलितहरूले पाउने गरेर यो विशेष अधिकारको प्राथमीकिरण हुनुपर्छ जसले गर्दा दलितभित्रको अन्तरद्वन्द्वलाई अन्त्य गर्न काम लाग्छ भने अर्कोतर्फ राज्यको मूल प्रवाहीकरणमा दलितहरू प्रवाहीकरणमा दलितहरू समावेश हुने अवसर पाउँछन् । त्यसैले हाम्रो ध्यानलाई अब प्राप्त गरेका अधिकारहरूलाई कार्यान्वयन गर्ने र आवश्यक कानुनको लागि पैरवी गर्ने बेला आएको छ । हिजोसम्म शासनको बागडोर हामी गैरदलितहरूको हातमा थियो । अब दलितहरूलाई अधिकार दिने बेला यो दलितको मात्रै मुद्दा हो भनेर होइन यो साझा मुद्दा हो । सबैको मुद्दा हो । समाजको मुद्दा हो भन्ने हिसाबले हाम्रो मानसिक रूपमा सोचमा परिवर्तन ल्याउन जरुरी छ भन्ने कुरा राख्दै यो सङ्कल्प प्रस्तावको पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. बेदुराम भुसाल ।

**(१४:३० बजे) माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय भुवन वहादुर सुनारले प्रस्तुत गर्नुभ'को सङ्कल्प

प्रस्तावलाई समर्थन गर्दै यो विषयका दुइटा पक्ष छन् भन्ने मलाई लागेको कुरा राख्न चाहन्छु । पहिलो कुरा त सामाजिक रूपमा हुने विभेदको पक्ष । छुवाछुतजन्य व्यवहारलगायतका जुन विवेदकारी व्यवहार हुन्छन् समाजमा हाम्रो समाजमा रहेको पिछडिएको चिन्तन, रूढिवादी चिन्तन, अन्धविश्वास र परम्परादेखि चलिआएका व्यवहारका कारणले पनि भइरहेको छ । त्यसलाई कसरी मेटाउन सकिन्छ भनेर लाग्नुपर्ने र खास गरीकन जनचेतना कसरी माथि उठाउने? यो विभेदकारी व्यवहार हुनुहुँदैन भन्ने चेतनाको निर्माण कसरी गर्ने? भन्ने एउटा प्रश्न हो भने अर्को प्रश्न संविधानले निर्देश गरेको व्यवस्था राज्यले कार्यान्वयन नगर्ने प्रश्न ।

संविधानको धारा ४० को (५) ले भूमिहीन दलितलाई एकपटकको लागि जमिन उपलब्ध गराउने भनेर जुन निर्देश गरेको छ त्यसको कार्यान्वयन आजसम्म राज्यले किन गरेन? यो प्रश्न धेरै गम्भीर प्रश्न हो भन्ने मलाई लाग्छ । त्यसै गरीकन धारा ४० (६) ले आवासविहीन दलितहरूलाई आवास उपलब्ध गराउने छ राज्यले भनेर जुन निर्देश गरिएको छ त्यसको कार्यान्वयन राज्यले किन गर्दैन? राज्यले नै विभेदकारी व्यवहार गरिरहेको छ । यो प्रश्न धेरै गम्भीर प्रश्न हो भन्ने मलाई लाग्छ । समाजमा हुने विभेदको एउटा पाटो हो । समाजमा रहेका विभिन्न खालका अन्धविश्वासी धारणाहरूले पनि कतिपय व्यवहारहरू भइ ..... (आवाज काटिएको) । यो प्रस्तावलाई समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डा. विमला राई पौडयाल ।

**(१४:३३ बजे) <u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय भुवन वहादुर सुनारले प्रस्तुत गर्नुभएको यो सङ्कल्प प्रस्तावको समर्थन गर्न र यो अभियानलाई, अभियानमा ऐक्यबद्धता जनाउनको लागि म यहाँ बोल्न खोजिरहेको छु । मेरो ऐक्यबद्धता पनि छ, समर्थन पनि छ । यो साझा सवालको रूपमा सबैको समर्थनमा राष्ट्रिय सभामा छलफल भएको देख्दा खुसी लागेको छ । यो हामी सबैको साझा विषय हो, राष्ट्रको विषय हो ।

कानुनतः संविधानले, नीतिले, कानुनले, नियमावलीले कहीं कतै जातीय विभेद मान्दैन, देख्दैन, छैन नै भन्छ । तर पनि व्यवहारमा, मानसिकतामा जातीय विभेद कायमै छ । थुप्रै ठाउँमा कायम छ । अगिनै माननीय सदस्यज्यूहरूले भनिसक्नुभा'को छ । यो जातसँग गाँसिएको वर्गीय विभेद पनि छ । जातको कारणले धेरै उत्पादनशील स्रोतहरूमा पहुँच नभएको र त्यो पहुँच नभएपछि विपन्न वर्गमा परेको र विपन्न वर्ग र जातीय उत्पीडन सँगसँगै जाँदाखेरि सम्पूर्ण

सामाजिक, राजनीतिक, आर्थिक पक्षबाट पिछडिएको अहिलेको अवस्था हो । त्यो भएर यसको अन्त्य गर्न जरुरी छ । कुनै पनि देशमा देशका नागरिकहरू मर्यादित जीवन बाँच्न पाउँदैनन् । जातीय पहिचानकै आधारले पछाडि पर्छन् यदि भनेदेखि त्यो देश समुन्नत हुनै सक्दैन, समन्यायिक हुनै सक्दैन । त्यो हिसाबमा पनि हामी यो सबैको राष्ट्रिय सवालको विषय हो भन्ने लाग्छ मलाई । त्यो भएर यो प्रस्ताव यहाँ पेस हुनु, छलफल हुनु र सर्वसम्मतिले पारित गर्नु यो असाध्यै महत्त्वपूर्ण कुरा हो ।

अनि मलाई के लाग्छ भने विभेद कानुनमा छैन, व्यवहारमा छ । हामी सबैले भनेका छौं । कानुनतः भएका कुराहरू राम्रा प्रावधानहरू छन् । शिक्षामा पनि राम्रा प्रावधान छन् । सकारात्मक विभेदहरू हामीले राखेका छौं । रोजगारीमा पनि कोटाको व्यवस्था गरेका छौं । सहभागितामा पनि व्यवस्था गरेका छौं । राम्रा कुराहरू छन् सबैतिर । तर पनि राम्रा कुराहरू हुँदाहुँदै पनि कार्यान्वयन हुन नसक्नु भनेपछि यो चैं हामी राजनीतिक दलहरू, सरकार, हामी कर्मचारीहरू, नागरिक समाजहरू सबैलाई गतिलो झापड हो जस्तो मलाई लाग्छ । किनभने कानुन छ, कार्यान्वयन छैन । अनि कार्यान्वयन नभइसकेपछि कति धेरै हाम्रो दलित समुदायहरू अहिले पनि पछाडि परिरहनुभएको छ । एकजना माननीयज्यूले नै भन्नुभयो डेरा नपाउने अवस्थासम्म छ । योभन्दा अमर्यादित अरू के हुन सक्छ?

अब दलित आयोग छ । दलित आयोगले के गर्दै छ? एकचोटि मैले प्रश्न गरेको थिएँ तपाईंले के के गर्नुभयो मलाई बुझ्ने गरी भन्नुस् त भन्दाखेरि उहाँले वेबसाइटमा हेर्नुहोला रिपोर्ट राख्या छु भन्नुभो' । त्यस्तै छ । अनि त्यसलाई त्यो दलित आयोगले के गर्दै छ भन्ने कुरा पनि हामीले सरकारसँग प्रश्न गर्ने कि नगर्ने? हामीले दलितको मुद्दा कति उठायौं? कति एड्रेस गर्यौं? अनि हामीले भनेका कानुनहरू कार्यान्वयन भए भएनन् कति अनुगमन गर्यौं? त्यो संयन्त्रलाई प्रभावकारी बनाउन पनि जरुरी छ जस्तो मलाई लाग्छ । खुसी लाग्यो प्रधानमन्त्रीज्यू सुरुमा नआउनुभए पनि अहिले आउनुभएको छ । हामीले यहाँ उठाएका सम्पूर्ण प्रश्नहरू सुनेर प्रतिबद्धता जनाउनुहुने छ र कार्यान्वयनमा सुनिश्चितता दिनुहुने छ भनेर मैले विश्वास पनि गर्न चाहन्छु सबै माननीयज्यूको तर्फबाट । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

**(१४:३६ बजे) माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय भुवन वहादुर सुनारले राख्नुभएको सङ्कल्प

प्रस्तावलाई म पूर्ण समर्थन गर्न चाहन्छु । र मलाई यहाँ थुप्रै कुराहरू गरिसक्नुभ'को छ । मलाई के लाग्छ भने एमालेको पालामा सुरेन्द्र पाण्डे, माननीय सुरेन्द्र पाण्डे अर्थमन्त्री भ'को बेलामा अन्तरजातीय विवाहलाई प्रोत्साहन स्वरूप एक लाख रुपैयाँ दिने भन्ने जुन खालको निर्णय भ'को थियो त्यो खालको निर्णय गर्दाखेरि पनि कतिपय मान्छेहरूले पैसाको लागि अन्तरजातीय विवाह गर्ने पैसा पाइसकेपछि फेरि सम्बन्धविच्छेद गर्ने यस्तो खालको घटनाहरू पनि हामीले देखे गरेका छौं । त्यसो भ'को कारणले मलाई कानुन बनाउनै पर्यो । त्यो कानुनलाई कार्यान्वयन गर्ने राज्यले तदारुकता देखाउनुपर्यो ।

मलाई अलिकति चिनियाँ सांस्कृतिक क्रान्तिको पनि अलिकति याद आयो । चीनमा सांस्कृतिक क्रान्ति हुने बेलामा पूरै बाहिरका मूर्तिहरू फुटाएर आन्दोलनहरू अन्धविश्वासको चैं विरोध गर्ने भनेर आन्दोलन भयो । तर जनताहरूले चेतना नभएकै कारणले मूर्तिहरूलाई भित्र लगेर कुनामा राखेर लुकेर पुजा गर्ने एउटा स्थिति बनेको हामी पढ्ने गर्छौं । त्यसकारणले मान्छेहरूको दिमाग परिवर्तन गराउनका निम्ति चेतना भर्नपर्यो र भएको कानुनहरूलाई कार्यान्वयन गर्नका निम्ति राज्यले तदारुकता देखाउनुपर्यो सम्बन्धित निकायले र अरू थप कानुनहरू बनाउन आवश्यक छ भने हामी सबै एक ढिको भएर लाग्या छौं । ती कानुनहरू अझै कडा बनाउनुपर्ने हो भने पनि बनाउनुपर्यो । र हिजोका दिनहरूमा चेतना भएपछि मेरो बुबा बितिसक्नुभो' अहिले त तर पञ्चायती कालमा मिटिङ बस्दाखेरि लोहार जातिका मान्छेहरूलाई भित्र ल्याएर मिटिङ बसाउनुपर्थ्यो लुकेर बस्नुपर्दा । उहाँले कम्युनिष्ट विचारले ओतप्रोत भ'कै कारणले गर्वका साथ हात मिलाएर भित्र राख्नुहुन्थ्यो । त्यसकारणले चेतना भएर पनि बुझपचाउनेहरूसँग त केही लाग्दैन । अनि यो चेतनालाई कानुन बनाएर एकदम कडा रूपले कार्यान्वयन गर्नका निम्ति सम्बन्धित निकाय लाग्यो भने हामी सबैले यहीं राष्ट्रिय सभाबाट अस्ति नै एउटा सङ्कल्प प्रस्ताव हामीले पास गरेका थियौं एक ढिको भएर तर त्यो कार्यान्वयन भएन । आज यो सङ्कल्प प्रस्ताव पनि मलाई लाग्छ यसमा दुई मत छैन । सबैको समर्थन छ । यसलाई कार्यान्वयन गर्नका निम्ति राज्य लागोस् भन्ने भनाइ राख्दै यो कम्युनिष्ट विचार जुन २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापना भयो .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुलसा कुमारी दाहाल ।

(१४:३९ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय भुवन सुनारले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावलाई समर्थन

गर्दै म आफ्ना केही भनाइ राख्न चाहन्छु । जातीय भेदभाव चैं हाम्रो समाजमा कलङ्कको रूपमा रहेको छ भन्दा फरक पर्दैन । लामो समयदेखि परम्परागत रूपमा रहेको यो जातीय भेदभावले विभिन्न मूल्य मान्यताहरू निर्धारण गरेको छ र मानसिक रूपमा पनि रहेको छ । दुइटा रहेको हामी पाउँछौं । कानुन बनेर मात्रै हुँदैन । यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न र रूपान्तरण गर्न पनि उत्तिकै आवश्यकता छ । राज्यले केही प्रयासहरू त गरेको छ । स्थानीय तहमा एकजना महिला उम्मेदवार दिएको छ । राष्ट्रिय सभामा क्लस्टर निर्धारण गरेको छ । अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्‍यो । संविधानका विभिन्न दफाहरूमा जातीय छुवाछुत र भेदभावका कुराहरूमा प्रतिबद्ध गरेको छ र केही कानुनहरू पनि बनेको छ । यो हुँदाहुँदै पनि हाम्रो मानसिकतामा परिवर्तन आउन सकेन । त्यो मानसिकतामा नआएको परिवर्तनलाई आज हामी प्रस्तावको रूपमा यहाँ ल्याएका छौं, सङ्कल्प प्रस्तावको रूपमा ।

इतिहासले के भन्छ भने मनुस्मृतिमा ...... भनेर लेखिएको छ । तर त्यही भने मनुस्मृतिलाई अध्ययन गर्नेहरूले के भन्छ भने यो तुलशीलाले लेखेका होइनन् पछिका व्याख्याताहरूले थपेका हुन् भन्ने कुराहरू पनि छ । र यो दलित, पशु, ढोलक र नारीलाई एकै ठाउँमा राखिएको छ । र यी अपमानजनक शब्दहरूको प्रयोग गर्ने कुरामा राज्यले केही सच्याउने काम गर्‍यो । केही नागरिकताहरू पनि सच्यायो । र इतिहासले के भन्छ भने दलित समुदायको ..... साङ्गीतिक क्षेत्रमा रहेको थियो । र त्यो पछि अरूले पेसा, व्यवसायको रूपमा अपनाएको पाइन्छ । मौलिक कला र संस्कृतिको रक्षा गर्न आवश्यक छ र अहिले पनि कतिपय ठाउँमा ज्येष्ठ नागरिकहरूको मौखिक वाक्यको रूपमा रहेको छ वर्चस्व सांस्कृतिक कलाको रूपमा । त्यसलाई संरक्षण गर्न आवश्यक छ । र सँगसँगै दलितभित्रको पनि दलितको समुदायहरू छन् । दलितभित्रको ब्राह्मणवादलाई अन्त गर्नुपर्छ । दलितभित्रको पनि ब्राह्मणवाद छ । त्यो भ'को हुनाले दलितभित्रको ब्राह्मणवादलाई अन्त गर्नको निम्ति दलिहरू मात्रै एकजुट भएर हुँदैन । आज जसरी राष्ट्रिय सभा एकजुट भएको छ त्यसै गरी हामी सामाजिक चेतना पनि फैलाउनुपर्छ र प्रतिबद्धतालाई जहिले पनि गर्नुपर्ने छ । जनसङ्ख्याको जनगणनामा ६० लाखको कुरा गरे पनि केही दलितको सङ्ख्या हराएको भन्ने मलाई लागेको छ । त्यसले गर्दा यो जातीय भेदभाव र छुवाछुतको विषयलाई कानुनी प्रतिबद्धताको सँगसँगै मानसिक रूपमा चैं तयार हुन आवश्यक छ । र राज्यले कही कुराहरूलाई प्रोत्साहित गर्दै दण्ड र सजायको पनि अझ कडा व्यवस्था गर्दै जानुपर्छ । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपाल भट्टराई ।

(१४:४२ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले भुवन वहादुर सुनारले प्रस्तुत गर्नुभएको सङ्कल्प प्रस्तावलाई पूर्ण समर्थन गर्दै केही भनाइहरू राख्न चाहन्छु । खास गरेर नेपालको सन्दर्भमा, खास नेपाल र भारत यी देशहरूमा यो छुवाछुतको अवस्था असाध्यै जटिल छ । यसलाई कसरी समाधान गर्ने? भन्ने कुरामा हामी चैं छलफलमा गइरहेका छौं । खास गरेर संविधान निर्माण भयो । संविधानले गरेको व्यवस्थालाई कार्यान्वयन गर्नको निम्ति कानुनी व्यवस्था अलि कमजोर छ । अहिले कानुन निर्माणको काम सबभन्दा पहिले त्यो कानुनलाई संशोधन गरेर कानुनलाई कडाइका साथ लागु गर्ने गरी कानुन निर्माण गर्नुपर्छ । त्यसको निम्ति राज्यले तत्काल पहल गर्नुपर्छ । यो सङ्कल्प प्रस्तावलाई आधार मानेर तत्काल त्यो काम सुरु गरोस् भन्न चाहन्छु । खास गरेर भूमिहीन दलित किसानहरूलाई राज्यले एकपल्टको निम्ति जमिन दिने जुन व्यवस्था गर्ने भनेको छ त्यसलाई यति ढिलो गर्नुहुँदैन थियो । त्यसलाई तत्काल गरिहाल्नुपर्ने काम हो ।

अर्को कुरा यो दलितभित्र पनि सम्पन्नहरूले दलितले पाउने छात्रवृत्ति सम्पन्न दलितहरूले लिने प्रचलन छ । त्यो आर्थिक अवस्था कमजोर भएकाहरूलाई दिनको निम्ति गरिएको व्यवस्था हो भन्ने मलाई लाग्छ । आर्थिक अवस्था कमजोर भएका दलित वर्गलाई माथि उठाउनको निम्ति गरिएको व्यवस्थालाई कार चढेर हिंड्नेहरूले छात्रवृत्ति उपलब्ध गरेका छन् । यसको निम्ति पनि एउटा छुट्टै व्यवस्था गर्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसकारण अब हामीले छुवाछुतविरुद्धको आन्दोलनै चलाउनुपर्छ भन्ने मलाई लाग्छ । यति भनेर यो प्रस्तावको पुनः समर्थन गर्दै मेरा भनाइहरू यहीँ अन्त गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई ।

(१४:४५ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, प्रस्तुत सङ्कल्प प्रस्तावलाई म समर्थन गर्छु । सांस्कृतिक रूपमा परम्परागत ब्राह्मणवादी चिन्तन यो विभेदहरूको जिम्मेवार छ भने व्यवहारमा हाम्रो मुलुकका ठुलाहरू जिम्मेवार छन् । संविधानमा लेखियो कानुन बनाइयो, कार्यान्वयन गर्दैन । यसो भएपछि ठालुहरूले नै, ठुलाहरूले नै यो कार्यान्यवन गर्या भए अहिले यो सङ्कल्प प्रस्ताव ल्याउनुपर्दैन थियो । संविधानमा भएको कुरालाई, कानुनमा भएको कुरालाई सङ्कल्प प्रस्ताव ल्याएर छलफल गरेर, पारित गरेर गर भन्नुपर्छ । यो ठुलाले रोकेको हो । त्यसो भएर सांस्कृतिक रूपमा

ब्राह्मणवादी चिन्तन जिम्मेवार छ । परम्परागत कर्मकान्डीय ब्राह्मणवादी चिन्तन जिम्मेवार छ भन्ने व्यवहारमा ठुला संस्कृति जिम्मेवार छ ।

यो २०७२ को संविधान आइसकेपछि कानुन बनाएर सबै खाले विभेदलाई अन्त्य गर्नुपर्छ भनेर संविधान बन्यो, कानुन बन्यो, आयोगहरू बने । आयोगले सिफारिस गर्यो सरकारलाई यी हाम्रा समस्याहरू हुन् । यहाँबाट उन्मुक्ति गर्नको लागि, हुनको लागि यी यी कामहरू गरिदिनुपर्छ भनेर आयोगले सिफारिस गर्यो । आजसम्म सरकार कुनै सरकारले कानमा बतासै लाउँदैन । आफैले बनाएको आयोग जुन समुदायमा, जुन वर्गमा, जुन क्षेत्रमा समस्याहरू छ । त्यो समस्यालाई समाधान गर्नको लागि भनेर विशेष गम्भीरताका साथ उसले योजना बनाउँछ, सिफारिस गर्छ हाम्रा समस्याहरू यी यी हुन यसलाई समाधान गर्देऊ भने सरकारमा पेस गर्छ सरकार कानमा बतासै लाउँदैन । त्यसो भएपछि मेरो आग्रह के हो भने संविधान र कानुन उल्लङ्घन गर्नेलाई दण्डित गर्न मिल्छ कि मिल्दैन? सरकारले संविधान उल्लङ्घन गर्यो । सरकारलाई दणडित गर्न मिल्छ कि मिल्दैन?

अस्ति भर्खरै तराईमा दलित र गैरदलित, मुस्लिम र गैरमुस्लिम भनेर भोज खुवाइयो । त्यहाँ प्रतिनिधिहरू गए । ती प्रतिनिधिहरूलाई सरकारले कारबाही गर्छ कि गर्दैन? त्यसो गर्न पाइन्छ? त्यसो भएकोले हाम्रा मुलुक बिगार्ने यी सप्पै विभेदका जिम्मेवार मुलुकका ठुला भनिने मान्छेहरू हुन् । त्यो प्रधानमन्त्री होला, दलका नेताहरू होला? सांस्कृतिक रूपमा मैले भनिहाले त्यसो भएकोले संविधान र कानुन उल्लङ्घन गर्ने चिजलाई दण्डित गर्नुपर्छ । कानुनी मान्छे र प्राकृतिक मान्छे हुन्छ । कानुनी मान्छेले गर भन्या चिज जति सप्पै गर्न पर्छ । संविधानले गर भन्या छ । गर्नुपर्छ । प्राकृतिक मान्छेले नगर भन्या कुरा गर्नुहुँदैन । फरक यति न हो प्राकृतिक मान्छे र कानुनी मान्छेमा । त कानुनी मान्छे भएको भनेको सरकार हो । सरकारलाई यो यो चिज गर भनेर भनेको आफैले बना'को कुरा किन नगरेको दण्डित गर्नुपर्दैन? त्यसो भएकोले मैले यति नै कुरा राखेँ । हस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१४:४८ बजे) **<u>माननीय राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सामाजिक, सांस्कृतिक, आर्थिक राजनीतिक जुन अधिकारको विषयमा सङ्कल्प प्रस्ताव आएको छ । यो प्रस्तावको पक्षमा म एक्यबद्धता जनाउन चाहन्छु । नेपालमा जयस्थिति मल्ल भन्ने राजाले जब छुवाछुतको घिन लाग्दो प्रचार चलाए । त्यति

बेलादेखि नै मान्छे बिच भेदभाव जन्मियो । काम गर्ने मान्छेको चाहिँ जात सानो भयो भन्ने कुरा हामीले हिजोदेखि अहिलेसम्म पनि भनेर आएको र गरिरहेकै कुरो हो । र यो आज यो दलित साथीहरूले उठाउनुपर्ने विषय हो भन्ने मलाई लाग्दैन । यो हाम्रो समाजमा जगडिएर रहेको धार्मिक र सामाजिक जुन सांस्कृतिक चलनहरू त्यो चलनहरूले नै अहिले साथीहरूलाई पीडा बोध भएको कुरा उहाँहरूको अभिव्यक्तिबाट पनि हामीले सुकेका छौं । त्यसैले गर्दा हाम्रो समाजमा रहेको जगडिएर हरेको जुन व्यवहार हो त्यो व्यवहारमा परिवर्तन नआएको कारणले मान्छेलाई मानिसहरूलाई पीडा बोध भएको छ। त्यसो भएको हुनाले यो व्यवहारमा परिवर्तन ल्याउनको निम्ति राज्यले बनाएका कानुन, लेखेको संविधानको आधारमा हामीले हाम्रा समुदायलाई हाम्रो नेपालीहरूलाई परिचालन गर्न नसक्दाखेरिमा यो हालको अवस्था आएको हो भन्ने मैले ठान्दछु । अहिले पनि हामी नेपाल र नेपालीले जातीय विभेदको बारेमा यो छलफल गर्नुपर्दा हामी आफैले लाज मान्नुपर्ने विषय भएको छ । त्यसैले गर्दा यो विषय दलितको विषय नभएर हाम्रो सामाजिक, हाम्रो देशको नेपालको जनताको विषय आम नेपाली जनताको सरोकारको विषय भएको हुनाले यसरी नै अगाडि लैजानको निम्ति म फेरि पनि पुनः एक्यबद्धता जाएर गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र ।

**(१४:५० बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मेरा कुराहरू अलि फरक छन् । वैदिक कालमा गरेको व्यवस्था यो होइन । वैदिक कालमा कामका आधारमा जातीय विभाजन भएको थियो । पुराणमा कहीँ लेखिएको छैन । ढोल गवाड शुद्र पशु नारी यी हुन ताडी गङ्गा अधिकारी भनेर यहाँ दुई चोटी कुरा आयो । यो कहीँ लेखिएको छैन । यी कुराहरू पछि जसलाई रिस लाग्यो यसलाई नपिटीकन हुने हैन कि क्या हो भन्ने जसलाई लाग्यो अनि पिट्ने मान्छेले बनाएका यी शुत्रहरू पछि बनाइएका शुत्रहरू हुन् । त्यसकारणले कहीँ वेद पुराणमा कहीँ उल्लेख नभएको कुरालाई यहाँ फेरि वेद पुराण कै हो हवला नदिऊँ साथीहरू यत्रो सम्माननीय सदनमा प्रधानमन्त्रीज्यूको पनि उपस्थिति छ ।

सदन कानुन बनाउने थलो हो । अब यहाँ कानुनको निर्माण गर्नुपर्छ । त्यो कानुनको निर्माण जति पनि मन्दिरका पुजारीहरू छन् । जति पनि विद्यालयका शिक्षकहरू छन् । जसले शिक्षादिक्षा दिन्छन् । तिनीहरूको जाति ब्राह्मण राख्दिनुपर्छ भोलिदेखि नागरिकतामा अनि सिपाइहरू, प्रहरीहरू उनीहरूलाई उनीहरू राज्यको रक्षा गर्नेवाला जातिहरू तिनीहरूलाई क्षेत्रीय

जातिमा राख्नुपर्छ । आफ्नो गुजाराको लागि आफूले पैसा कमाउनको लागि काम गर्ने विभिन्न व्यापारीदेखि लिएर विभिन्न प्रकृतिका मानिसहरूलाई उनीहरूलाई वैसे जातिमा राख्नुपर्छ । र एनजीओमा काम गर्ने कर्मचारी भएर काम गर्ने र म समाजसेवा गर्छु भनीकन राजनीतिमा लागेका मानिसहरूलाई उनीहरूलाई शुद्र जातिमा राखिनुपर्छ र यसरी जातीय वर्गीकरण हुन आवश्यक छ ।

त्यसकारणले सम्माननीय प्रधानमन्त्रीज्यू तपाईं त क्रान्तिकारि हो । त्यसकारणले यसमा क्रान्तिकारिता ल्याउनुहोस् र यो किसिमले सदनबाट यो किसिमले जातीय कुराहरू पास गरौं । मैले यहाँ यदि तर म माननीय भुवन कुमार सुनारजीलाई भुवन प्रसाद कि कुमार म फेरि बिर्सें म अनुरोध गर्न चाहन्छु । मैले दक्षिण भारतको कुराहरू देखेको छु । चार सय वर्ष भइसक्यो, पाँच सय वर्ष भइसक्यो । त्यहाँ हिन्दुबाट कन्भर्टेड मानिसहरू छन् क्रिस्चियनहरू । अहिले पनि ती क्रिस्चियनहरू बाहुनबाट क्रिस्चियन भएको बाहुनसँग विवाह गर्छ । दलितबाट क्रिस्चियन भएको दलितबाट विवाह गर्छ । त्यसकारणले यो अहिलेको सिस्टमले यो कुरा मान्छेको मनबाट हट्ला भन्ने मलाई लाग्दैन । बत्ती बल्यो क्यारे हुन्छ । हजुर हस् ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१४:५३ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय भुवन वहादुर सुनारले पेस गर्नुभएको यो सङ्कल्प प्रस्तावको म पूर्ण समर्थन गर्दछु । मानिस हामी सर्वश्रेष्ठ विवेकशील प्राणी भन्छौं । विवेक प्रयोग गर्न सक्नी, सही र गलत छुट्याउन सक्नी, राम्रो र नराम्रो भन्न सक्नी भएर नै मान्छे सर्वश्रेष्ठ प्राणी भएको हो । संसारमा मान्छे जन्मने प्रक्रिया पनि एकै छ । बृद्धि, विकास र मृत्युवरणको पनि उस्तै छ । जन्म र मृत्यु एकै हुने तर मान्छे मान्छे बिचमा विभेद छुवाछुत किन? यो चाहिँ गम्भीर प्रश्न हो भन्ने मलाई लाग्छ । यो कसरी आयो । यसका इतिहास पनि यहाँ छलफल पनि भा' छ । हामीले पनि अध्ययन मनन् गर्दै आएका छौं । यो छुवाछुतको विषय केवल छुवाछुत भोग्ने समुदायको मात्र होइन । यो त सिङ्गो समाज र राष्ट्रको कलङ्क हो भन्ने मलाई लाग्छ । त्यसो भएर नै आज यो सर्वम्मत ढङ्गले यो प्रस्तावमाथि हामी छलफलमा छौं । यो चाहिँ विषय अगि उठिसकेको छ । यसमा राज्य नै गम्भीर बन्नुपर्छ र अझ सार्वजनिक जिम्मेवारीमा रहेका सार्वजनिक भूमिकामा रहेका व्यक्तिहरू अझ बढी गम्भीर र जिम्मेवार बन्न

पर्छ । आज सार्वजनिक जीवनमा रहेका व्यक्तिहरूबाटै यो छुवाछुतका घटनाहरू हामीले देखिरहेका छौं । भोगिरहेका छौं । यसलाई अन्त्य गर्नुपर्छ ।

संविधान कार्यान्वयन र कानुन निर्माणको चरणमा पनि हामी भएको हुनाले संविधान कार्यान्वयन र कानुन निर्माण र कार्यान्वयनमा हामी सबै जिम्मेवार बन्नुपर्छ । अझ राष्ट्र अथवा सरकार बढी जिम्मेवार बन्नुपर्छ । हामीले समन्यायिक विकास, सामाजिक न्यायका कुरा गरिरहेका छौं । संविधानमा पनि हामीले उल्लेख गरेका छौं । तर आज छुवाछुत जस्तो कलङ्कले समन्यायिक विकास र सामाजिक न्यायसहितको विकासमा बाधा र व्यवधान पनि खडा गरेको छ भन्ने मलाई लाग्छ ।

थुप्रै संवैधानिक व्यवस्था र कानुनी संरचनाहरू पनि छन् । आज संविधानमा भएका व्यवस्था, कानुनी संरचनाहरू पूर्ण रूपमा कार्यान्वयन हुन सकिरहेका छैनन् । यो कुरा तर्फ सरकार बढी जिम्मेवार हुनुपर्छ । भएका संवैधानिक र कानुनी संरचनालाई कार्यान्वयनमा जोडदिउँ । र आवश्यकतामा आधारित कानुन निर्माण संरचना निर्माणमा जोड दिनुपर्छ भन्ने मलाई लाग्छ । म सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि ध्यानाआकर्षण गराउन चाहन्छु । हामी संरचना धेरै बनाउछौं । कानुन पनि बनाउछौं । तर कार्यान्वयमा जोड दिन हामीले बनाएका संरचनाहरू कामव्यापि बन्न सक्या छैन । थुप्रै त्यस्ता संरचनाहरूलाई हामी कामव्यापि बनाऔं कामलाई चाहिँ कार्यकारी बनाऔं भन्न म चाहन्छु । आवश्यकमा कानुन निर्माण गरौं, आवश्यकतामा आधारित भएर कानुन निर्माणमा ध्यान दिऔं । छुवाछुत जस्तो जघन्य यो कलङ्कलाई अन्त्य गर्नको लागि राज्य र नागरिक पनि हामी सबै उत्तिकै जवाफदेही बन्नुपर्छ ।

अझ अगि यहाँ विषय उठिसकेको छ । हामी दलित समुदायभित्रमा रहेको त्यो विभेद पनि छ त्यो विभेदलाई अन्त्य गर्नको लागि पनि दलित समुदायभित्र पनि सचेतना, बहस, छलफल आवश्यक छ । त्योभित्र रहेका विभेदहरूलाई अन्त्य गर्नको लागि पनि हामी सोच्यौं । यो सवाल सिङ्गो राष्ट्रको सवाल हो । समाजको सवाल हो । यो हामी सबैको एक्यवद्धता जरूरी छ । यो आजको सङ्कल्प प्रस्तावले पनि यो हामीमा हाम्रो पनि समाजमा रहेको यो विभेदलाई अन्त्य गर्नको लागि यो छुवाछुतलाई अन्त्य गर्नको लागि साँच्चै सम्मानपूर्वक बाँच्न पाउने ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय विना पोखरेल ।

(१४:५७ बजे) **मानानीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदय, माननीय भुवन वहादुर सुनारले जुन सङ्कल्प प्रस्ताव पेस गर्नुभएको छ । म यसमा समर्थन गर्न चाहन्छु । म स्यानै थिएँ । मेरो बुवाले दलितलाई घरभित्र पसाएकै कारण मेरो बुवा समाजबाट बाहिरिनुपर्ने अवस्था सृजित भएको थियो । तर त्यहाँ कम्युनिष्टहरूको पार्टी भएको हुनाले मेरो बुवाले त्यही समाजमा एउटा बस्ने वातावरण मिल्यो । र जुन मानव मानवमा किन चाहिँ त्यत्रो उत्पीडन हुन्छ? मान्छे भनेको दुइटा जात हो भन्ने मेरो सोच जुन मेरो जुन किसिमको विचार आएर म जनयुद्धमा होमिएँ । जनयुद्धमा होमिँदाखेरि हरेक खालका उत्पीडन अन्त्य गर्नको निमित्त हाम्रो यहाँ अहिले प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीज्यू नै सुप्रिम कमान्डर हुनुहुन्थ्यो । र हामीले संविधानमा दर्ज गयौं यसमा मौलिक हकमा हरेक खालका भनौं दलितहरूको मुद्दालाई चाहिँ मुख्य एजेन्डाहरूका साथ अगाडि सारेको छ । तर यसमा व्यवहारिकता हिसाबमा कार्यान्वयन हुन सकिरहेको छैन ।

र म यहाँ सबै मन्त्रीज्यूहरू र प्रधानमन्त्रीज्यूहरू पनि देश विदेशतिर यसो जानुभएकै होला । र मेरो पनि नेपाल सरकारको तर्फबाट मलाई रुवान्डा जाने मौका मिल्यो र वास्तवमा अलिकति अब प्रधानमन्त्रीज्यूले उहाँ अलिक सुप्रिम हरेक खालको ठाउँको सुप्रिम कमान्डर भएको हुनाले अलिक नयाँ सोचबाट अलिक नयाँ सिराबाट सोच्नुपर्ने जरूरत मैले देखेर म नबोलौं कि भन्ने पनि लाग्या थियो । मलाई बोल्ने मौका मिल्यो । र म बोल्दै छु ।

म रुवान्डा गएँ किन सय दिनमा त्यत्रा दश लाख चाहिँ रुवान्डाका जनताहरूले त्यहाँ चाहिँ सहिद हुनुपर्यो? त्यहाँ जाति जातिहरूको उत्पीडनको अन्त्य कसरी भयो त भन्दा एक रुवान्डा जस्तै यहाँ पनि एक सगरमाथा भन्ने चाहिँ त्यसरी हामीले चाहिँ एउटा नयाँ खालको एजेन्डाका साथ अगाडि बढ्यौं भने वास्तवमा यहाँ साम्राज्यवाद र विस्तारवाद र हरेक खालका राजनीतिक गर्नेका चाहिँ अब राजनीतिक उच्च वर्गहरूमा रहनेहरूले अलि सोचहरू अलि परिवर्तन हुन सक्छ र देश जुन चाहिँ यहाँ उत्पीडनमा परेकाहरूलाई वास्तवमा छातीमा हात राखेर चाहिँ समान किसिमले अधिकार दिन सकिन्छ होला भन्ने मलाई लाग्यो । र जुन दोस्रो स्विट्जर्लयान्ड बनेको छ । त्यो वास्तवमा दोस्रो स्विट्जर्लयान्ड बनाउन सकिन्छ । हामी यीबाटै सबै हामी एकजुट भएर अगाडि बढेकै छौं । हामी वास्तवमा अब जाति जातिभन्दा पनि अलिमाथि उठेर हामी यो रुवान्डाको एउटा पाठ सिकेर अगाडि बढ्यौं । हस् ।

(१५:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र

सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई उक्त सङ्कल्प प्रस्तावको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:०१ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष महोदय, आज राष्ट्रिय सभाको यो बैठकमा नेपाली समाजको र हाम्रो यस क्षेत्रकै असाध्यै संवेदनशील विषयमा सङ्कल्प प्रस्तावमार्फत छलफल भैराखेको छ । सबभन्दा पहिला त म सङ्कल्प प्रस्तावमा उल्लेखित विषयप्रति सरकारको सैद्धान्तिक रूपले पनि र व्यवहारिक रूपले पनि सहमति रहेको कुरा राख्न चाहन्छु । यो विषय, यो विषय संविधान र कानुनले मात्रै समाधान गर्न सक्ने विषय होइन भन्ने कुरा पनि यहाँ उठेको छ । माननीय सदस्यहरूले जे राख्नुभएको छ मलाई लाग्छ त्यो ठिकै ढङ्गले आएको छ ।

इतिहासमा एउटा कालखण्डमा कार्यविभाजनको रूपमा सुरु भएको सामाजिक मान्यताहरू कालान्तरमा त्यो वर्गविभाजन हुँदै गयो र सामान्तवादाको विकाससँगै यसलाई धेरै खालका अन्धविश्वास र रुढीसमेत मिसिएर सामन्ती वर्गले उत्पीडन गर्ने एउटा हतियारको रूपमा यसलाई प्रयोग गर्ने अवस्था आइलाग्यो र यो अहिले आएर वर्ग सङ्घर्षको एउटा विषयको रूपमा पनि छ यो । राजनीतिक सङ्घर्षको विषयको रूपमा पनि छ र सांस्कृतिक आन्दोलनको सांस्कृतिक क्रान्तिको जे भने पनि त्यो विषय पनि छ । त्यसकारण यो विषयको समाधानको निम्ति लामो समयदेखि दलित समुदाय मात्रै होइन सबै उत्पीडित वर्ग जाति क्षेत्र समुदाय सबै पनि आन्दोलित हुँदै संयुक्त रूपमा यसको समाधान गर्ने कोसिसहरू पनि नेपालको इतिहासमा हुँदै आएको छ । त्यो हामी सबैले देखे बुझेको र त्यो आन्दोलनमा सहभागी भएकै कुरा हो ।

समग्र राजनीतिक आन्दोलनको वर्ग सङ्घर्षको र राजनीतिक सङ्घर्षको सामाजिक चेतनाको र सांस्कृतिक चेतनाको विकाससँगै यो समस्याको समाधानको प्रक्रिया पनि बढ्दै आएको छ । केही पनि भएको छैन भन्ने कुरा होइन । केही पक्कै भएको छ । त्यसकारण पहिला यहाँ संविधानमा या ऐन कानुनमा नै विभेद धेरै हुने गर्थ्यो अहिले संविधानले दलित समुदायप्रति उत्पीडित वर्ग समुदायप्रति मौलिक अधिकारको रूपमा या अन्य अधिकारको रूपमा पनि धेरै कुरा सकारात्मक ढङ्गले उल्लेख गरिएको छ । कानुन बनाउने प्रक्रियामा पनि पहिलेको तुलनामा सकारात्मक ढङ्गले कानुन बनेका पनि छन् । तर फेरि पनि समाजमा यो समस्या जसरी समाधान

हुनुपर्ने संविधानले नै परिकल्पना गरेको संविधानमा उल्लेख गरिएकोअनुसार या बनिएका कानुनहरूकै कार्यान्वयनको चाहिँ प्रक्रियामा जाँदा फेरि हामी त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको बरु त्यो विभेदहरू कायमै रहेका थुप्रै घटना परिघटनाहरू हामी आज भोलि पनि देखिराखेकै छौँ । त्यो कुनै न कुनै रूपमा ती घटनाहरू आएका छन् र त्यसले हाम्रो समाज वास्तवमा कहीँ न कहीँ कलङ्कित हुने स्थितिहरू पनि हामीले देखिराखेकै कुरा हो । त्यसकारण मैले के भन्ने गरेको छु भने यो विषय ठुलो सांस्कृतिक क्रान्तिको विषय छ, संविधान र कानुनमा व्यवस्था गर्ने कुराको पनि आफ्नो ठाउँमा महत्त्व छ । तर संविधान र कानुनले मात्रै समाधान गर्न सक्दैन यो । यो सांस्कृतिक आन्दोलनसँगै अभियान पनि सँगै सँगै चलेर मात्रै यसको अन्ततः स्थायी समाधान हुन प्रक्रियातिर जान सक्छ । त्यसकारण मैले के सम्झिन्छु यहाँ अहिले सङ्कल्प प्रस्ताव मैले पढैं । धेरै जसो कुरा सामाजिक र राजनीतिक रूपान्तरणको निम्ति हिजो युद्धमा या आन्दोलनका बेलामा हामी जे उठाएका थियौँ । उठाउने गयौँ तिनै कुराहरू नै यसमा उल्लेख गरिएको छ । त्यसकारण सैद्धान्तिक रूपले विमति गर्ने कुरा यसमा केही पनि छैन ।

म के स्मरण गर्छु भने जति बेला हामी क्रान्तिकारी आन्दोलनमा थियौँ । क्रान्तिमा थियौँ । त्यति बेला दलित समुदाय जति बेला सरकारको या हतियारको भनौँ या राजनीतिकको नेतृत्व लिने ठाउँमा आउँदा हामी त्यति बेला बडो गर्व गर्थ्यौँ । अन्तरजातीय विवाह हुँदा एउटा उच्च जातिको भनिने र दलित समुदायको बिचमा अन्तरजातीय विवाह हुँदा समारोह गर्ने यसलाई सम्मानित गर्ने, त्यसमा गर्व गर्ने, सबै जनतालाई राखेर भाषण गर्ने गरिन्थ्यो । अनि दलित समुदायबाट वीरता र बिलिदानका किर्तिमान कायम गरिए भने त्यसलाई समाजमा स्थापित गर्ने र त्यसलाई एउटा सांस्कृतिक आन्दोलनको अङ्गको रूपमा लिने र त्यसमा गर्व गर्ने गरिन्थ्यो । अहिले हामी एकातिर विस्तृत शान्ति सम्झौताबाट संविधानसभा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा दलित र उत्पीडितहरूका हक अधिकारहरूलाई संवैधानिक रूपले सम्बोधन गर्ने कानुनी रूपले पनि अधिकतम सम्बोधन गर्ने कोसिस गयौँ । सम्बोधन पनि भयो तर फेरि बिस्तारै बिस्तारै यो प्रक्रियासँगै हिजोका ती घटनाक्रमहरू जसमा हामी गर्व गर्थ्यौँ । ती गर्वका विषय हुन बिस्तारै छोडे । त्यति बेला आन्दोलनको बेला या क्रान्तिको बेला गरिएका अन्तरजातीय विवाहहरू धेरै जसो सम्बन्ध विच्छेदतिर गए । अनि जुन गर्वको साथ त्यसलाई स्थापित गर्ने गरिन्थ्यो ती पछि त्यही स्तरका त्यही गर्वका विषय हुन छोडे । तर म के महसुस गर्छु भने यो विषय आन्दोलनकै विषय हो यो निरन्तर निरन्तर हामी सामाजिक चेतनाको लागि सामाजिक रूपान्तरको लागि सांस्कृतिक आन्दोलनको निरन्तर प्रक्रियासँगै हाम्रा कानुनहरू हाम्रा संविधानहरू हाम्रा अन्य अवयवहरू अगाडि जान जरुरी छ ।

त्यो आन्दोलनबाट अलग भएर खालि वैधानिक र कानुनी रूपले मात्रै यो समस्या समाधान गर्न खोजियो भने धेरै नै अप्ठ्यारो छ । त्यसकारण सङ्कल्प प्रस्तावमा जे कुरा राखिएको छ त्यसलाई व्यवहारिक रूपमा दिन पक्कै पनि केही कानुनहरूलाई अझै परिमार्जन गर्नुपर्ने आवश्यकता पक्कै पनि छ । संविधानमै पनि अझ कतिपय व्यवस्थालाई परिमार्जन गर्नुपर्ने संशोधन गर्नुपर्ने आवश्यकता पनि छ तर म के कुरामा जोड दिन चाहन्छु भने यो विषय सांस्कृतिक आन्दोलनको विषय हो । म एउटा सानो उदाहरण मात्रै माननीय सदस्यहरूको अगाडि राख्न चाहन्छु सभा अध्यक्ष महोदय । म दोस्रोचोटि प्रधानमन्त्री हुँदा दलितहरूमाथि हुने अत्याचार महिलामाथि हुने विभिन्न खालका बेविचारहरूलाई कन्ट्रोल गर्न एउटा प्रधानमन्त्री कार्यालयअन्तर्गत नै विशेष समिति बनाएर केही घटनाहरू मलाई अहिले प्रत्यक्ष रूपमा स्मरण छ काभ्रेमा बढो लज्जास्पद घटना घटेको थियो । त्यसलाई दोषीलाई कारबाही गर्ने भनेर त्यो समितिमार्फत प्रक्रिया अगाडि बढाइयो तर हामीले के भग्यौं भने हाम्रो ब्युरोक्रेसी हाम्रो सुरक्षा संयन्त्र हाम्रो समग्र समाजको लिडरसिपको दिमागमा दलितहरूलाई सम्मान गर्ने न्याय दिने भन्ने कुरा धेरै राम्रोसँग बसेको छैन । त्यसकारण विभिन्न खालका बाहानाहरू बन्छन् । विभिन्न खालका तर्कहरू बनाइन्छन् । विभिन्न खालका कृतिम प्रमाणहरू जुटाइन्छन् र त्यसलाई रोक्नेको कोसिस गरिन्छ यदि त्यो उपल्लो जाति या वर्गको मान्छेबाट भएको छ भने हाम्रो सम्पूर्ण मैले कसैलाई दोष दिन र आरोपित गर्न खोजेको होइन तर हाम्रो सम्पूर्ण मानसिकता र हाम्रो संस्कार हाम्रो समग्र राज्यको समग्र संस्कृति जहाँनिर छ । त्यो उच्च जातिको उच्च वर्गको र उनीहरूको कुरालाई सहज रूपमा स्वीकार गर्ने श्रमिकहरूको गरिबहरूको दलितहरूको कुरा हो भने त्यो चाहिँ साँचो भए पनि झुठो बनाउने कोसिस गर्ने एउटा विचित्रको संस्कार मैले दोस्रोपटक हुँदा भोगेँ र धेरै मेहेनत केही कारबाही त गरियो । तर त्यो धेरै अगाडि जान सकेन । यही अहिले तपाईंहरूले यसमा पनि उल्लेख गर्नुभएको रुकुम चौरजहारीवाला कुरा मैले नै आफैले विशेष पहल गरेर माननीय देवेन्द्र पौडेलको नेतृत्वमा संसदीय समिति बनाइयो छानबिन गरियो तर त्यो कार्यान्वयन जसरी जानुपर्थ्यो त्यो कार्यान्वयन अहिले पनि त्यसरी गइराख्या छैन भनेपछि यो विषय एकातिर त संविधान र कानुनको व्यवस्थाअनुसार दृढतापूर्वक कार्यान्वयन गर्नुपर्ने विषय छ भने अर्कोतिर एउटा आन्दोलन निरन्तर चलाइराख्नुपर्ने सामाजिक जगरणको आन्दोलन, सामाजिक रूपान्तरणको आन्दोलन दलित मुक्तिको चलाइराख्नुपर्ने उत्पीडित वर्ग समुदायको चेतना अभिवृद्धिको आन्दोलन चलाइराख्नुपर्ने विषयसँग पनि यो सम्बन्धित छ । त्यसकारण यदि जमिनमा समाजमा त्यो आन्दोलनको प्रक्रियाअगाडि बढेन भने कानुन बिस्तारै निष्क्रिय हुँदै जाने कानुन निष्प्रभावी हुँदै जाने खतरा छ । र अनि बिस्तारै ती कानुन र संविधानका व्यवस्थाहरूलाई पनि उल्टयाउने कसरतहरू पनि सुरु हुन सक्छन् ।

अहिले पनि सम्माननीय सभा अध्यक्ष महोदय, हामीले समाजमा विभिन्न कोणबाट संविधानमा भएका सकारात्मक व्यवस्थालाई सामान्तवादमाथि विजयी हासिल गरेर नेपाली जनताले बनाएका व्यवस्थाहरूलाई उल्टयाउने कसरतहरू भैराख्या छन् । यी कसरतहरू पनि कहीं न कहीं दलित र उत्पीडितहरूका विरुद्ध फेरि पनि एकचोटि सामान्तवादतिर फर्काउने कसरतका रूपमा पनि छन् । त्यसकारण मैले के भन्न चाहन्छु भने यहाँ यो सङ्कल्प प्रस्ताव आफैमा अहिलेको समाजको स्थितिलाई बदल्नको निम्ति एउटा प्रयासको रूपमा सरकारलाई निर्देशन लिने भनेर आएको छ सायद एकछिनमा यो पारित हुन्छ ।

मैले सरकार प्रमुखको हैसियतले हिजो मात्रै दलितहरूको एउटा संयुक्त कार्यक्रममा सार्जनिक रूपमा पनि भनेको छु दलितमुक्तिको आन्दोलनमा यो प्रक्रियामा यो सरकार कुनै न कुनै एउटा ऐतिहासिक कर्म गर्नेतिर दृढ छ र हामी त्यो कोसिस गर्दै छौं, सरकार त्यो कोसिस गर्दै छ भनेको थिएँ । आज राष्ट्रिय सभामा तपाईंहरूले पास गर्दै गरेको सरकारलाई निर्देशन दिने तयारी गरिराखेको यो प्रस्तावले सरकार प्रमुखको हैसियतले मैले दलित समुदायमाथि हुने अपमान विभेदको अन्त्य गर्नुको निम्ति कानुनलाई अझ कडा पार्ने र अझ त्योभन्दा पनि इम्पिलिमेन्टेसनलाई कार्यान्वयन प्रक्रियालाई दृढतापूर्वक अगाडि बढाउने प्रतिबद्धता म तपाईंहरूको अगाडि राख्न चाहन्छु र मलाई विश्वास छ । यो यो प्रक्रियासँगै यो प्रक्रियासँगै फेरि हामीले विकास निर्माण र समृद्धिको शिक्षाको संस्कृतिकको भूमिका पनि धेरै महत्त्वपूर्ण छ । यहाँहरूलाई थाहा होला । यहाँ अघि उल्लेख पनि भयो ।

यो समस्या अलिक दलितहरूको छुवाछुतको समस्या नेपाल भारत जस्ता देशहरूमा विशिष्ट प्रकृतिको छ । अन्यत्र यस्तो देख्न पाईंदैन । यो समस्याको समाधान एकातिर त छ राजनीतिक इच्छा शक्ति चेतनाद्वारा बहसद्वारा सङ्घर्षद्वारा समाधान गर्ने कुरा एउटा पाटो छ भने अर्को चाहिँ हामीले आधुनिक युगको आवश्यकताअनुसार विज्ञान प्रविधि विकासअनुसार हामीले आर्थिक समृद्धिलाई नयाँ उचाइमा उठाउँदै जाँदा पनि यो समस्याको समाधान फेरि सहज हुँदै जान्छ । यो पक्षमा पनि हाम्रो ध्यान जान जरुरी छ । मैले सुनेको इन्डियामा यो छुवाछुत समस्या त त्यहाँ पनि कम प्रबल त होइन । अझ त्यो त झन जर्जर हो त्यहाँको समस्या अझै पनि छ । त्यसपछि जब त्यहाँ रेल्वे लाइन बिच्छाइयो देशैभरि रेल चल्न थाल्यो अनि ठुला ठुला स्कुल कलेजहरू बन्न थाले ठुला ठुला उद्योगहरू कलकारखाना बन्न थाले त्यसपछि सरकारसँग पण्डितहरू पुरोहितहरू उच्च जातिका मानिसहरू गएर बर्बाद भयो हाम्रो त यो सारा समाज संस्कृति विनास भयो । अब यो को दलित हो? को ब्राह्मण हो? को उच्च जाति हो? केही छुट्टिनै नसक्ने स्थिति भयो भनेर त्यहाँको सरकारको नेतृत्वसँग गएर डेलिगेसन गएछन् ।

गएपछि सरकारले भन्यो रे त्यसो भए रेल जति जलाइदिऊँ । उद्योग जति जलाइदिऊँ र फाल्दिऊँ मटरहरू चल्न नदिऊँ बाटो घाटो भत्काइदिऊँ भनेरे उनले किनभने यो सबै जातिपाति त त्यसले मान्दैन । रेलले त कुन जातिको लागि कसलाई मान्दैन उद्योगहरूमा अब कसरी कुन जातिलाई दिने कुन जातिलाई नदिने काम गर्न भन्ने कुरा उद्योगले त मान्दैन ।

त्यसकारण विकास प्रक्रिया स्वयम् जति त्यो विकास वैज्ञानिक ढङ्गले विकास प्रक्रिया अगाडि आउँछ । त्यति नै यसखालका कुरीतिहरू अन्धविश्वासहरू रुढीहरू विभेद र अपमानहरूका संस्कारहरू सकिँदै जान्छन् भन्ने तथ्यलाई पनि हामीले ध्यान दिनुपर्ने हुन्छ । जति विकासले गति लिन्छ त्यति यी विभेद अपमानहरू पनि कम हुँदै जान्छन् । त्यसकारण मैले दुइटा कुरामा सबैको ध्यान आकर्षित गर्न चाहन्छु । एउटा त हामीले राज्यको तर्फबाट संविधान कानुन र सचेत प्रयत्नद्वारा यो समस्यालाई समाधान गर्ने निरन्तर प्रयास र अर्कोतिर विकास र समृद्धिद्वारा देशलाई नयाँ उचाइ उठाउने प्रक्रिया दुइटाको समायोजनमा नै यो समस्याको दीर्घकालीन समाधान हुन सक्छ भन्ने विश्वाससहित सङ्कल्प प्रस्तावमा उठाइएका विषयहरूलाई कानुन रूपले र राज्यको तर्फबाट अधिकतम सम्बोधन गर्ने कोसिसको प्रतिबद्धिता व्यक्त गर्दै म बिदा हुन्छु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धमा प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१५:१७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, सभाबाट स्वीकृत दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्ताव राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम कार्यान्वयन गर्न नेपाल सरकारलाई यो सभा निर्देशन गर्दछ । साथै सभाअन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त सङ्कल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्न निर्देशन गर्दछु ।

माननीय सदस्यहरू, अब म, संविधानसभा सदस्य गणेश प्रसाद विमलीको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरू प्रस्तुत गर्दछुः-

"२००५ साल कात्तिक २१ गते तेह्रथुममा जन्मनुभएका संविधानसभा सदस्य गणेश प्रसाद विमलीको मिति २०७९ साल चैत ७ गते ७४ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय विमली २०७० सालको संविधानसभामा समानुपातिक निर्वाचन प्रणालीबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट निर्वाचित हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय गणेश प्रसाद विमलीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ ।"

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको ।)

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरू सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाउनुभएको ।)

माननीय सदस्यहरू, अब संविधानसभा सदस्य गणेश प्रसाद विमलीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

(मौनधारण)

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल चैत १२ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल चैत १२ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १५ः२१ बजे ।**